# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २५२ | काठमाडौं | आइतबार, २७ पुस २०८२ | Prabhab National Daily | Sunday, 11 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## विभाजनको डिलमा कांग्रेस

### महामन्त्रीपक्षको विशेष महाधिवेशन आजदेखि, सभापति देउवाले बोलाए आकस्मिक बैठक



- विशेष महाधिवेशन आज र भोलि भृकुटीमण्डपमा
- नीति र नेतृत्व फेर्ने तयारी
- देउवाले विशेष महाधिवेशनको निम्ता स्वीकारेनन्
- कांग्रेस फुटको पानीढलो विशेष महाधिवेशन हुने संशय
- विशेष महाधिवेशन प्रभावित पार्न देउवा सक्रिय
- केन्द्रीय समितिको आकस्मिक 'भर्चुअल' बैठक आह्वान
- महामन्त्रीद्वयसहितका नेताहरूलाई कारबाही गर्ने देउवा तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** पार्टी विभाजन हुने संशयबीच नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन आजदेखि हुँदै छ । पार्टी महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मापक्षले आह्वान गरेको विशेष महाधिवेशन काठमाडौंको भृकुटीमण्डपमा हुने भएको हो ।

विशेष महाधिवेशनले नीतिसँगै नेतृत्व परिवर्तन गर्ने भनिएको छ । नेतृत्व परिवर्तन भनेको सभापतिबाट शेरबहादुर देउवालाई हटाएर महामन्त्री थापालाई सभापति बनाउने भनिएको हो । थापाले यसअघि नै विशेष महाधिवेशनको म्याण्डेटलाई स्वीकार्ने बताइसकेका छन् ।

सभापति देउवा भने नियमित महाधिवेशन नै गर्नुपर्ने अडानमा छन् । उनको स्पष्ट बहुमत रहेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले गएको साता आगामी वैशाखको अन्तिममा नियमित महाधिवेशन गर्ने निर्णय गरेको थियो । उक्त निर्णयमा महामन्त्री थापा, शर्मालगायत नेताहरूले नोट अफ डिसेन्ट लेखेका थिए । विशेष महाधिवेशन विधानको परिपालना गर्न र पार्टीलाई थप मजबुत पार्न अनिवार्य रहेको भन्दै आज र भोलिका लागि आह्वान गरेका हुन् ।

विशेष महाधिवेशनअघि बिहान ११ बजे काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट ऱ्याली निकालिने भएको छ । ऱ्यालीलाई व्यवस्थित तरिकाले कार्यक्रममा सहभागी गराउनेगरी तयारी भएको नेता अजय शिवाकोटीले बताए । उनका अनुसार विशेष महाधिवेशनको उद्घाटन दिउँसो १ बजे महामन्त्रीद्वयले गर्ने भएको छ । तर, उद्घाटन सत्रको सभापतित्व काठमाडौंका सभापति सबुज बानियाँले गर्ने भएका छन् । बन्द सत्रको सभापतित्व ज्येष्ठ नेता ओमकार श्रेष्ठ र गोपालमान श्रेष्ठमध्ये एकले गर्ने नेता मनोजमणि आचार्यले बताए ।

उसो त विशेष महाधिवेशन पक्षधरले सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, उपसभापति धनराज गुरुङ, नेता शेखर कोइरालालगायतलाई अतिथिका रूपमा निम्तो गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

## रास्वपा–उज्यालो नेपाल एकता १२ दिनमै भंग

### अध्यक्षको जिम्मेवारी सम्हाल्दै अघि बढे कुलमान

- १४ पुसमा रास्वपा र उनेपाबीच सातबुँदे सहमति
- सहमति कार्यान्वयन र पूरक सहमतिमा रवि अनिच्छुक बनेको आरोप
- पदीय जिम्मेवारी, समानुपातिकतर्फको बन्दसूची, केन्द्रीय सदस्यसँगै केही सैद्धान्तिक र वैचारिक विषयमा पनि बेमेल

■ जेबी योञ्जन

**काठमाडौं–** पुराना राजनीतिक शक्तिलाई चुनौती दिने दाबीका साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टी (उनेपा) बीच भएको एकता १२ दिनमै भंग भएको छ । पदीय जिम्मेवारी बाँडफाँट, समानुपातिक सांसद संख्या, संगठनात्मक संरचनासँगै सैद्धान्तिक तथा वैचारिक असहमतिका कारण एकता कायम रहन नसकेको दुवै पक्षका नेताहरूले बताएका छन् ।

रास्वपा र उज्यालो नेपालबीच भदौ २३ र २४ को जेन-जी आन्दोलन, भ्रष्टाचारविरोधी चेतना, सुशासन र मेरिटोक्रेसीलाई आधार मानेर एकतासम्बन्धी सातबुँदे सहमति भएको थियो । सहमति भएको १४ पुसमा हो । सहमतिमा 'सबै परिवर्तनकामी शक्तिहरूको सहकार्यमार्फत नयाँ राजनीतिक शक्ति निर्माण गर्ने,' उल्लेख थियो । तर, सहकार्य दुई साता पनि टिकेन ।

शनिबारदेखि उनेपा अध्यक्ष भएका कुलमान घिसिङले दुई दलबीचको सहकार्य सहमति रास्वपाले एकतर्फी भंग गरेको दाबी गरे । उनेपाको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'रास्वपाले एकतर्फी सहमति भंग गऱ्यो । रास्वपाको वरीयतामा धेरै तल भए पनि सहेर गएको थिएँ । अब उज्यालो नेपाल पार्टीलाई मेरो नेतृत्वमा देशव्यापीरूपमा अगाडि बढाउँछु । समानुपातिकमा नमिले प्रत्यक्षमामात्रै चुनाव लड्नेछौं ।'




रास्वपाका प्रवक्ता मनिष झाले भने कुलमान घिसिङका पक्षबाट पार्टीको पदाधिकारीसहितका पदहरू धेरै माग गरिएकाले यस्तो स्थिति आएको बताए । 'हामीले सबै परिवर्तनकारी शक्तिहरू एक ठाउँमा आउने भनेको आगामी चुनावका लागिमात्र होइन, परिवर्तनका लागि हो,' उनले प्रभावसँग भने, 'तर केहीका लागि निर्वाचन र सम्भावित रूपमा हासिल हुने पदहरू तथा शक्ति बाँडफाँट प्राथमिकतामा पर्दै गर्दा त्यो एउटा कारण भयो ।'

रास्वपाका नेताहरूले उनेपासँगको सहकार्य सहमति भंग भएपछि घिसिङले पार्टी सभापति र प्रधानमन्त्री हुने भनेर 'बार्गेनिङ' गरेको दाबी गरिरहेका छन् । घिसिङले रास्वपा नेताहरूको उक्त दाबी खारेज गरिदिए । उनले रास्वपा नेताहरूले भ्रम फैलाएको भन्दै असन्तुष्टि जनाए । 'हामीले प्रधानमन्त्री र सभापति पद मागेकै छैन । रास्वपाले त्यत्तिकै भ्रम फैलायो,' उनले भने, 'यसमा सत्यता छैन ।'

> रास्वपाले एकतर्फी सहमति भंग गऱ्यो । रास्वपाको वरीयतामा धेरै तल भए पनि सहेर गएको थिएँ । अब उज्यालो नेपाल पार्टीलाई मेरो नेतृत्वमा देशव्यापीरूपमा अगाडि बढाउँछु ।
>
> ■ **कुलमान घिसिङ**
> अध्यक्ष, उज्यालो नेपाल पार्टी

> केहीका लागि निर्वाचन र सम्भावितरूपमा हासिल हुने पदहरु तथा शक्ति बाँडफाँट प्राथमिकतामा पर्दै गर्दा त्यो एउटा एकता भंगको कारण भयो ।
>
> ■ **मनिष झा**
> प्रवक्ता, राष्ट्रिय स्वतन्त्र पार्टी

उसो त सातबुँदे सहमतिपछि नेतृत्व संरचना र पदाधिकारीको भूमिकालाई लिएर विवाद देखिएको थियो । सहमतिका चौथो बुँदामा रास्वपाको सभापति रवि लामिछाने नै रहने तथा कुलमान घिसिङ, डिपी अर्याल र स्वर्णिम वाग्ले उपसभापति रहने उल्लेख थियो । घिसिङले वरिष्ठ उपसभापति मागेका थिए । त्यो भनेको रविपछिको वरीयतामा घिसिङ रहन चाहन्थे । एक जना महामन्त्री पनि उनले मागेका थिए । तर, रास्वपा सभापति लामिछाने सहमतिपछि सकारात्मक नबनेको आरोप लगाए ।

रास्वपाका एक नेता प्रा.डा. महेन्द्रसुन्दर लावतीका अनुसार केन्द्रीय सदस्यको विषयले पनि विमति बढाएको हो । सुरुमा २१ जना केन्द्रीय सदस्य उनेपाबाट बनाउने भनिएको तर पछि १२ जनाभन्दा बढी बनाउन लामिछाने तयार भएनन् । यसबाहेक समानुपातिक उम्मेदवार छनोटका विषयमा पनि दुवै पक्षबीच मतभेद देखिएको थियो । उज्यालो नेपालले सुरुमा १८ जनाको नाम समेटिनुपर्ने माग गरेको थियो । अन्तिम सूचीमा १४ जनाको मात्र नाम परेपछि उज्यालो नेपालका केही नेताहरूले आपत्ति जनाएका थिए । त्यसमा नेता लावती पनि एक हुन् ।

रास्वपा प्रवक्ता झा उज्यालो नेपालबाट परिवारका सदस्य र आफन्तको नाम समानुपातिक सूचीमा राख्नेगरी आएको र त्यसले बदनामी बढ्ने भएकोले कम समेटिएको बताउँछन् । 'समानुपातिक सूचीमा उहाँहरूका तर्फबाट जे-जस्ता नामहरू आए, प्रत्यक्षमा पनि सोही किसिमको अभ्यास गर्दा हामीलाई अगाडि गएर बदनामी हुन सक्ने जोखिम पनि भयो,' उनले भने, 'निकटका र आफन्तहरूलाई सांसद बनाउनेतर्फ लाग्यौं भने पहिलेभन्दा पनि खराब स्थिति हुने भयो ।'

घिसिङले रास्वपा प्रवक्ता झाको आरोपको खण्डन गरेका छन् । उनले उनेपाबाट लोकप्रिय र सार्वजनिक छवि उच्च भएको नेतालाई समानुपातिक सूचीमा सिफारिस गरेको जिकिर गरे । 'हामीमाथि जे-जस्ता आरोप लगाइएका छन्, त्यो भ्रमपूर्ण छ,' उनले भने, 'हामीले त समाजमा लब्ध प्रतिष्ठित र सार्वजनिक छवि राम्रा भएका नेताहरूलाई सिफारिस गरेका थियौं ।' घिसिङ शनिबार नै उनेपाको अध्यक्ष बनेका हुन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## इटालीले तीन वर्षभित्र पाँच लाख आप्रवासी कामदार भित्र्याउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** इटालीले महत्त्वाकांक्षी श्रम आप्रवासन योजना सार्वजनिक गरेको छ । जसअनुसार सन् २०२६ देखि २०२८ सम्म तीन वर्षको अवधिमा पाँच लाख विदेशी कामदार भित्र्याउने भएको छ । मुलुकका प्रमुख उद्योगहरूले कामदार अभावको चेतावनी दिएपछि उक्त संख्या विस्तार गरिएको इटालियन सञ्चारमाध्यमले जनाएका छन् ।

गत डिसेम्बरमा त्यहाँको राजपत्रमा प्रकाशित 'डेक्रेटो फ्लुस्सी' को नामले चिनिने प्रधानमन्त्रीको आदेशलाई आन्तरिक तथा श्रममन्त्रीहरूले यही जनवरीमा औपचारिकरूपमा प्रस्तुत गरेका थिए । उक्त आदेशले सन् २०२३-२०२५ योजनालाई प्रतिस्थापन गरेको थियो, जसले चार लाख ५२ हजार रोजगार अनुमतिपत्र स्वीकृत गरेको थियो ।

नयाँ योजनाका अनुसार दुई लाख ६७ हजार भिसा कृषि र पर्यटन क्षेत्रका मौसमी कामदारहरूका लागि छुट्याइएको छ । यी क्षेत्रले गत वर्ष २०२५ मा महामारीको समय सकिनु र स्वदेशको बेरोजगार दर पनि सात



प्रतिशतभन्दा तल झरेपछि गम्भीर अभावको सामना गरेको जनाइएको छ । बाँकी दुई लाख ३० हजार ५५० जना गैरमौसमी कामदार हुने छन् । उनीहरूलाई निर्माण, लाजिस्टिक्स, उन्नतखालका उत्पादन र सेवा क्षेत्रमा भित्र्याइने छ । उक्त योजनाका अनुसार गैरकानुनी आप्रवासीको पुनःप्रवेशमा रोक लगाउने मुलुकहरूलाई विशिष्ट कोटा दिइने जनाइएको छ ।

समाचारमा उल्लेख भएअनुसार रोजगारदाताहरूले कामदारको आवेदन लिन प्रसिद्ध अनलाइन प्रणाली 'क्लिक-डे'को प्रयोग गर्नेछन् । तर गत वर्ष एकैचोटि धेरै आवेदनहरू आउँदा उक्त पोर्टल केही मिनेटमै क्र्यास भएपछि सरकारले ठगी-प्रतिरोधी सुरक्षा उपायहरू अपनाएको थियो । कम्पनीहरूले केही हप्ता अघिबाटै जानकारीहरू अपलोड गर्न सक्छन् । यद्यपि, केयरगिभरका हकमा फर्जी रोजगारदाता नपरुन् भनेर तीन तहको आवेदनको व्यवस्था छ । आवेदन कोटासँग मेल खाएपछि मात्र सुरक्षा अनुमतिपत्रको प्रक्रिया सुरु हुने छ । यसले २०२४ को जस्तो हजारौं अनुमतिहरू आउँदा भएको ढिलाइलार्य रोक्ने उद्देश्य रहेको भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## ३५.६ प्रतिशतले बढ्यो रेमिट्यान्स

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्ष २०८२/८३ को पाँच महिनामा विप्रेषण आप्रवाह ३५.६ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको तथ्यांकमा यस्तो देखिएको हो ।

प्रतिवेदनअनुसार गत साउनदेखि मंसिरसम्मको अवधिमा आठ खर्ब ७० अर्ब ३१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.७ प्रतिशतले बढेको थियो । गत आवको तुलनामा चालु आवमा रेमिटचान्स उल्लेख्य बढेको तथ्यांकबाट देखिन्छ ।

चालु आवको मंसिर महिनामा एक खर्ब ८३ अर्ब १८ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । अघिल्लो वर्षको सोही महिनामा एक खर्ब १८ अर्ब ७९ करोड रूपैयाँ रेमिटचान्स आएको थियो । जसअनुसार चालु आवको मंसिरमा गत आवको सोही महिनाको तुलनामा ६४ अर्ब ३९ करोड रूपैयाँ बढी भित्रिएको छ ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.० प्रतिशतले वृद्धि भई छ अर्ब १६ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ३.४ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या एक लाख ७५ हजार ५९१ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ६३ हजार ९२४ जना रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः एक लाख ९० हजार ३८४ र एक लाख ३५ हजार ४२५ रहेको थियो ।

## मुलुकको २० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि

### सुदूरपश्चिममा सबैभन्दा बढी गरिबी, गण्डकीमा सबैभन्दा कम

- गरिबी मापनका लागि प्रतिव्यक्ति वार्षिक ७२ हजार ९०८ रुपैयाँको नयाँ गरिबीको रेखा निर्धारण
- ३०९ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा कम
- स्थानीय तहमा गरिबीको दर न्यूनतम १.१८ प्रतिशतदेखि अधिकतम ७७.८९ प्रतिशतसम्म
- पालिकास्तरमा हेर्दा सबैभन्दा बढी गरिबीको दर जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ७७.८९ प्रतिशत र सबैभन्दा कम १.१८ प्रतिशत मुस्ताङको घरपझोङ गाउँपालिकामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा करिब २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखाभन्दा तल रहेको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको गरिबीको लघुक्षेत्र अनुमान-२०२३ प्रतिवेदनअनुसार सहरी क्षेत्रमा १८.३४ प्रतिशत र

**प्रदेशगतरूपमा गरिबीको अवस्था**

| प्रदेश | गरिबी (प्रतिशतमा) |
|---|---|
| कोशी | १७.१९ |
| मधेस | २२.५३ |
| बागमती | १२.५९ |
| गण्डकी | ११.८८ |
| लुम्बिनी | २४.३४ |
| कर्णाली | २६.६९ |
| सुदूरपश्चिम | ३४.१६ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय*

ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसंख्या गरिबीको रेखाभन्दा तल रहेको छ ।

कार्यालयले वि.सं. २०५२ देखि नेपाली जनताको जीवनस्तर तथा मौद्रिक गरिबी मापनका लागि विश्व बैंकद्वारा विकास गरिएको जीवनस्तर मापन अध्ययन विधिको अनुशरण गर्दै नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गर्दै आएको छ । आधारभूत लागत विधिको प्रयोग गरी नेपालमा मौद्रिक गरिबी मापन गरिँदै आएको कार्यालयले जनाएको छ ।

यसपटक गरिबी मापनका लागि प्रतिव्यक्ति वार्षिक ७२ हजार ९०८ रूपैयाँको नयाँ गरिबीको रेखा निर्धारण गरिएको छ । यसअघि २०६६/६७ मा गरिबीको रेखा १९ हजार २६१ रूपैयाँ निर्धारण गरिएको थियो । नयाँ गरिबीको रेखाअनुसार प्रतिवर्ष प्रतिव्यक्ति कूल खर्च ७२ हजार ९०८ रूपैयाँभन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिबको वर्गमा राखिएको छ ।

प्रदेशगतरूपमा हेर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत छ । कोशी प्रदेशमा १७.१९, मधेस प्रदेशमा २२.५३, बागमती प्रदेशमा १२.५९, लुम्बिनी प्रदेशमा २४.३४ र कर्णाली प्रदेशमा २६.६९ प्रतिशत गरिबीको दर रहेको प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनअनुसार स्थानीय तहस्तरको विश्लेषण गर्दा ३०९ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम रहेको छ भने ४४४ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ ।

क्रमशः पृष्ठ २ मा

# दार्चुलाको व्यास गाउँपालिकाको छाङरु र तिंकरको निर्वाचन खलंगामै हुने

**दार्चुला–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि व्यास गाउँपालिका-१ छाङरु र तिंकर गाउँका मतदाताले सदरमुकाम खलंगामा मतदान गर्नुपर्ने भएको छ । गत मंसिरमा यहाँका दुवै गाउँका स्थानीय बसाइसराइ (कुन्चा) सरेर खलंगा आएका कारण निर्वाचन खलंगा मै हुने भएको हो ।

वि.सं. २०७९ को स्थानीय तह निर्वाचन छांगरु र तिंकरकै मतदान केन्द्रमा भएको थियो । यसपटक स्थानीयको बसाइसराइ सरेको कारण दुवै मतदान केन्द्र खलंगामै कायम गरिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए । यहाँको वडामा दुईवटा मतदान केन्द्र कायम छ । जिल्ला निर्वाचन कार्यालय दार्चुलाका निर्वाचन अधिकारी प्रदीपसिंह धामीका अनुसार कैलाशपति आधार भूतविद्यालय छाङरुमा ३७५ जना र मोतिमहिला संघ आधारभूत विद्यालय तिंकर केन्द्रमा २४४ जना मतदाता छन् ।

वि.सं. २०७९ मा भएको स्थानीय तह प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा छाङरुको मतदान केन्द्रमा ३८३ र तिंकरमा २३४ जना मतदाता थिए । यसैगरी प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि दार्चुलामा ११२ मतदानस्थल र १४३ मतदान केन्द्र तोकिएका छन् । जिल्ला सुरक्षा समिति दार्चुलाका अनुसार तोकिएकामध्ये २२ मतदान केन्द्र अति सम्वेदनशील सूचीमा राखिएको छ ।

जिल्लामा रहेका १४३ मतदान केन्द्रमध्ये २२ अति संवेदनशील, ४१ संवेदनशील र ७८ सामान्य सूचीमा राखेर विभाजन गरिएको जिल्ला सुरक्षा समिति प्रमुख एवं प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । यसपटक भौगोलिक दुर्गमता, विगतका निर्वाचन अनुभव, सुरक्षा निकायको पहुँचलगायतलाई आधार मानेर वर्गीकरण गरिएको उनको भनाइ छ । यसपटक जिल्लामा वि.सं. २०७९ को निर्वाचनको तुलनामा दुई हजार १६६ मतदाता थपिएका छन् । *रासस*

# ४० माइक्रोभन्दा कमका प्लास्टिक झोला नियन्त्रण गरिँदै

**काठमाडौं–** प्लास्टिकको अत्यधिक उत्पादन र बिक्री वितरणका कारण वातावरण संरक्षणमा चुनौती देखिएको भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सक्रियता बढाएको छ । पछिल्ला केही दिनदेखि विभागले प्लास्टिक उत्पादन गर्ने उद्योग, बिक्री वितरण गर्ने फर्ममा स्थलगत अनुमगन गर्दै ४० माइक्रोनभन्दा कमका प्लास्टिक बिक्री वितरण नगर्न सचेत गराएको छ ।

सोही क्रममा विभागले शुक्रबार बालकुमारी प्लास्टिक उद्योग ललितपुरलाई ५० हजार रूपैयाँ जरिवाना गरेको छ । नियमित बजार अनुमगन गर्दै आएको विभागले सो उद्योगले उत्पादन वस्तुको कारखाना मूल्य नराखेको एवं उद्योग दर्ताको प्रमाणपत्र आम सर्वसाधारणले देख्नेगरी नराखेकाले जरिवाना गरिएको जनाएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ मा बजार अनुमगन तथा निरीक्षण गर्दा तत्काल प्राप्त प्रमाणका आधारमा निरीक्षण अधिकृतले ५० हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम सो उद्योगलाई जरिवाना गरिएको विभागले प्रस्ट पारेको छ ।

यस्तै, एटिएल प्रोडक्सन हाउसलाई ५१ हजार रूपैयाँ जरिवाना गरिएको छ । सो उद्योगले पनि सर्वसाधारणले देख्नेगरी उद्योग दर्ताको प्रमाणपत्र नराखेको पाइएकाले नगद जरिवाना गरिएको विभागले जनाएको छ ।

पछिल्ला केही दिनदेखि विभागले वातावरण संरक्षण गर्ने ध्येयका साथ प्लास्टिकको उत्पादन तथा बिक्री वितरणमा देखिएको बेथिति नियन्त्रणमा लागि परेको छ । विभागले ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोला बिक्री वितरण नगर्न उद्योग, वितरण तथा आयातकर्तालाई सचेत गराउँदै आएको छ ।

शुक्रबार त्यस्ता १२ वटा उद्योग वा फर्ममा निरीक्षण गरेको विभागले बिहीबार १९ वटामा अनुमगन गरेको थियो । प्लास्टिकको अनधिकृत एवं अत्यधिक प्रयोगका कारण वातावरण संरक्षणमा चुनौती देखिएकाले विभागले सक्रियता देखाएको हो ।

यस्तै, पुस २३ गते बुधबार चारवटा फर्मलाई एक लाख १० हजार रूपैयाँ जरिवाना गरेको थियो । त्यसदिन १४ वटा फर्ममा अनुमगन गरेको थियो । यही पुस २२ गते मंगलबार १७ वटा फर्ममा अनुमगन गर्दै दुई वटालाई ७० हजार रूपैयाँ जरिवाना गरिएको विभागले जनाएको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### रास्वपा–उज्यालो...

यसअघि उनी संरक्षक थिए । पूर्वऊर्जा सचिव अनुपकुमार उपाध्याय संयोजक थिए । उनकै नेतृत्वमा निर्वाचन आयोगमा गत महिना दल दर्ता भएको थियो । घिसिङ नागरिक सरकारको मन्त्री पनि भएका कारण उनले त्यसबेला आफ्नो नेतृत्वमा दल दर्ता गर्न चाहेनन् । तर, १४ पुसमा रास्वपासँग एकता गर्नेगरी सातबुँदे सहमति गर्दै उपसभापति हुने विषय सार्वजनिक भएपछि प्रधानमन्त्री सुशीला कार्कीले उनीसँगै सञ्चारमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई पदबाट राजीनामा दिन दबाब दिएकी थिइन् । लगत्तै घिसिङले राजीनामा दिए ।

त्यसपछि उनी र रविबीच पटक-पटक संवाद भयो । शनिबार पनि पाँच घण्टाजति संवाद भएको उनेपा नेता लावतीले बताए । तर, सातबुँदे सहमति कार्यान्वयन र उनेपाको तर्फबाट संघीयता, धर्मनिरपेक्षतालगायत सैद्धान्तिक विषयमा गर्न खोजिएको पूरक सहमतिप्रति रविको कठोर बनेको लावती बताउँछन् । उनका अनुसार त्यसले गर्दा नै पार्टीलाई एकताबद्ध गर्ने प्रक्रियामै अघि बढाउन सकिएन । अध्यक्ष घिसिङले अब उनेपालाई देशव्यापी संगठन बनाएर हाँक्ने बताएका छन् । 'पार्टीको केन्द्रीय समितिको बैठकले मलाई अध्यक्षमा चयन गरेको छ । अब देशव्यापीरूपमा यो पार्टीलाई अघि बढाउने प्रतिबद्धता जनाउँछु,' उनले पत्रकार सम्मेलनमा भने ।

घिसिङको दलको समानुपातिक सांसद भने नहुने भएको छ । कारण, रास्वपासँग एकता सहमतिपछि उनेपाले निर्वाचन आयोगबाट पहिले बुझाएका बन्दसूची नै फिर्ता लिएको थियो । बन्दसूची बुझाउने समय अब छैन । त्यसो हुँदा उनेपाले प्रत्यक्षतर्फ केही ठाउँ चुनाव जित्दै थ्रेसहोल्ड पार गरेर राष्ट्रिय दल बन्ने स्थिति भएको अवस्थामा समानुपातिक सांसद भने नहुने भएको हो । घिसिङ नेपालमा १८ घण्टा लामो लोडसेडिङ अन्त्य गर्ने विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हुन् । त्यसैले उनले उज्याले नेपाल अभियानमार्फत सोही नाममा पार्टी दर्ता गराएका हुन् ।

■■■

### विभाजनको...

तर, उनीहरू विशेष महाधिवेशनमा सहभागी हुने सम्भावना देखिएको छैन । सभापति देउवालाई निम्ता दिन गएकाहरूलाई स्वकीय सचिव भानु देउवाले त्यसै फिर्ता पठाएका छन् । उनले प्रभावसँग भने, 'के को निम्ता ? लाज लाग्दैन ? भन्दै फर्काइ दिएँ ।' सभापति देउवाले आज दिउँसो ३:१५ बजेका लागि केन्द्रीय समितिको आकस्मिक 'भर्चुअल' बैठक बोलाएका छन् । महामन्त्रीपक्षधरको विशेष महाधिवेशन असफल पार्नेगरी देउवाले केन्द्रीय समिति बैठक बोलाएका हुन् । पार्टी कार्यालयका मुख्यसचिव कृष्ण पौडेलका अनुसार बैठकको एजेण्डा एकता र समायोजन रहेका छन् । देउवानिकट एक नेताका अनुसार देउवाले सोही बैठकबाट महामन्त्रीहरू थापा र शर्मालगायत नेताहरूलाई केन्द्रीय समितिको बहुमतले कारबाही गर्ने तयारी गरेका छन् । पार्टीको केन्द्रीय समितिमा देउवाको पक्षमा स्पष्ट दुईतिहाइ बहुमत छ ।

एकातिर देउवा कारबाही गर्ने र अर्कातिर महामन्त्रीहरूले विशेष महाधिवेशनबाट देउवालाई हटाउने खेलले स्पष्ट रूपमा पार्टी विभाजन हुने भन्दै डा. शेखर कोइराला चिन्तित छन् । उनले शनिबार देउवा र महामन्त्रीद्वयलाई छिटो संवाद गर्न सुझाव दिए । कांग्रेस विभाजन भए त्यसले पार्टी कमजोरमात्रै नभएर लोकतान्त्रिक प्रणाली नै खतरामा पर्न सक्ने भन्दै एकताबद्ध कांग्रेसको पक्षमा उभिन दबाब दिए । तर, सभापति देउवा र महामन्त्रीद्वय संवादहीनताको स्थितिमा पुगेका छन् ।

महामन्त्रीद्वय कुनै पनि हालतमा विशेष महाधिवेशन नरोक्नेगरी अघि बढेका छन् । उनीहरूलाई ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको बलियो साथ छ । शनिबार साँझसम्म ३० जिल्ला सभापतिले विज्ञप्ति जारी गरेर विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तन गर्दै ऊर्जावान् र समयको आवाज बुझ्ने कांग्रेस बनाउनुपर्ने भन्दै साथ दिएका छन् । विशेष महाधिवेशन पक्षधर महाधिवेशन प्रतिनिधिहरू काठमाडौं आइसकेका छन् । तर, कांग्रेसका ४७ जिल्ला सभापति र पाँचवटा प्रदेश सभापतिले भने विशेष महाधिवेशन रोक्न माग गर्दै विज्ञप्ति जारी गरेका छन् ।

कांग्रेसको १७ देशका जनसम्पर्क समितिले नियमित महाधिवेशनका माध्यमबाट पार्टीलाई बलियो र एकताबद्ध बनाउन आग्रह गर्दै विशेष महाधिवेशन रोक्न माग गरेका छन् । सम्पर्क समितिका सभापतिहरूले संयुक्त विज्ञप्ति निकाल्दै कांग्रेस अप्ठेरो अवस्थामा रहेकाले संयमता अपनाएर १५औं नियमित महाधिवेशनमै अघि बढ्नुपर्ने मत प्रकट गरेका हुन् । 'कांग्रेसको आन्तरिक जीवनमा हामी अहिले अप्ठ्यारो परिस्थितिमा छौं । मुलुकमा फागुन २१ गते निर्वाचन घोषणा भइसकेको अवस्था छ । यस्तो बेला तपाईं हाम्रो आन्तरिक बेमेललाई थाँती राखेर मुलुक र पार्टी बलियो बनाउने दिशामा हामी अग्रसर हुनुपर्छ,' संयुक्त विज्ञप्तिमा छ ।

देउवाले विशेष महाधिवेशन रोक्न यसरी चौतर्फी दबाब बढाएका छन् । विशेष महाधिवेशन प्रभावित पार्न पनि खोजेका छन् । त्यसका लागि उनीनिकट तरुण दल अध्यक्ष विद्वान गुरुङले युवा भेला बोलाएका छन् । सोमबार भने सभापति देउवाले जिल्ला सभापतिहरूको भेला बोलाएका छन् । देउवाको यो कदमले मुठभेटको स्थिति सिर्जना हुने आशंका पनि भइरहेको छ ।

■■■

### इटालीले तीन...

अद्यावधिक भएका प्रक्रियाहरू पहिलोपटक कामदार भित्र्याउने रोजगारदाता र अनुभवी मानव संशाधन प्रबन्धक दुवैका लागि चुनौतीपूर्ण हुनसक्ने भए पनि 'भिसा एचक्यू'को पेजबाट कागजात समीक्षा, स्थिति ट्र्याकिङ र प्रान्तीय श्रम कार्यालयहरूसँग समन्वय गरेर आवेदनहरूलाई सहजरूपमा अगाडि बढाइराख्न सकिने उल्लेख गरिएको छ । कामदारको संख्यासम्बन्धी योजना वार्षिकरूपमा छुट्याउनपर्ने दबाब नभई तीन वर्षसम्म विस्तार गर्न सकिने भएपछि बहुराष्ट्रिय कम्पनीहरूका लागि योयोजनाले अग्रिम तयारी गर्न सहज बनाउने अपेक्षा गरिएको छ । साथै, रोजगारदाताले प्रान्तीय श्रम कार्यालयहरूले तय गरेको तलब सुविधा नदिएको खण्डमा फाइलहरू रोकिने भनिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा जम्मा ८६ जना इटाली गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । जसमा ७९ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएका थिए भने सात जना श्रम स्वीकृति नवीकरण गरेर गएको पाइन्छ । त्यस्तै, २०८१/८२ मा ७४ जना मात्र इटाली गएका थिए । उनीहरूमध्ये ७२ जना व्यक्तिगत श्रम स्वीकृतिमा र एक जना पुनः श्रम स्वीकृति लिएर गएका थिए । युरोपका आकर्षक श्रम गन्तव्यको मागपत्र प्रमाणीकरणमा समस्या हुँदा इजाजतप्राप्त संस्थाले भने कामदार पठाउन पाएका छैनन् । हावापानी, श्रम कानुन, तलब सुविधा, मानवअधिकार जस्ता विषयमा तुलनात्मकरूपमा राम्रो मानिने यस्ता मुलुकमा संस्थागत मागपत्र नआउँदा थोरै मात्र कामदारहरू व्यक्तिगत श्रम स्वीकृतिमा जानुपर्ने अवस्था छ ।

■■■

### मुलुकको २०...

स्थानीय तहमा गरिबीको दर न्यूनतम १.१८ प्रतिशतदेखि अधिकतम ७७.८९ प्रतिशतसम्म रहेको छ । पालिकास्तरमा हेर्दा सबैभन्दा बढी गरिबीको दर जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ७७.८९ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्थात् १.१८ प्रतिशत मुस्ताङको घरपझोङ गाउँपालिकामा रहेको छ ।

गरिबीको रेखाभन्दा तल रहेको जनसंख्या संख्यात्मकरूपमा सबैभन्दा बढी काठमाडौं महानगरपालिकामा (५९ हजार २१८) रहेको छ । काठमाडौं महानगरपालिकामा गरिबीको दर ६.८७ प्रतिशत रहेको छ । जिल्ला तहको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा ४९.५८ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशको कास्की जिल्लामा ५.६३ प्रतिशत रहेको छ । जिल्लागतरूपमा हेर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।


## कुवेतमा रोजगार

कम्पनी : CROKAN WHOLESALE AND RETAIL TRADING COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०९/२४ — चलानी नं.: ६०२५०३४२ — LT.No.: 336837

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKERY HELPER | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५६,४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Waiter | 5 | 0 | | 130 | ६१,१४५ | | | | | | | |

कम्पनी : AL-HARBAN CAR WASH & LUBRICATION STATION — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०९/२४ — चलानी नं.: ६०२५०३४४ — LT.No.: 336835

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 0 | स. काममा दक्ष | 120 | ५६,४४२ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : ITALIAN CUCINA RESTAURANT AND CAFE COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०९/२४ — चलानी नं.: ६०२५०३४३ — LT. No.: 336836

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BARISTA | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६१,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CDP-CONTINENTAL | 2 | 0 | | 180 | ८४,६६३ | | | | | | | |
| 3. | Cook | 4 | 0 | | 160 | ७५,२५६ | | | | | | | |
| 4. | Restaurant Service Crew | 6 | 0 | | 140 | ६५,८४९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ४ गते (18 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82 — MAHA
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## साउदीमा रोजगार

कम्पनी : LATHES SAADI SAAD HARBI METAL FORMING
पूर्व स्वीकृति मिति : २०८२/०९/२४ — LT. No. 336806 — चलानी नं. ६०२५०४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMAYA GROUP COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०१/१२ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ — LT. No. 322355 — चलानी नं. ६०२३६६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 7 | 0 | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMAYA GROUP COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०१/१० — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२५ — LT. No. 322354 — चलानी नं. ६०२३६५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING & UNLOADING WORKER | 9 | 0 | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ४ गते (18th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

आइतबार, २७ पुस, २०८२

| | |
|---|---|
| मेष | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| वृष | उतारचढावमा समय व्यतित हुनेछ । |
| मिथुन | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| कर्कट | विषेश काम, रोकिएका काम बन्नेछ । |
| सिंह | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| कन्या | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| तुला | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| वृश्चिक | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| धनु | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| मकर | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| कुम्भ | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| मीन | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ पुस, २०८२ (११ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.०२ | १४४.६२ |
| युरो | १ को | १६८.७९ | १६९.४९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.८५ | १९४.६६ |
| स्विस फ्रैन्क | १ को | १८१.७७ | १८२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ९६.४० | ९६.८० |
| क्यानाडियन डलर | १ को | १०४.९१ | १०५.३४ |
| सिङ्गापुर डलर | १ को | १११.९६ | ११२.४३ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | २०.५९ | २०.६८ |
| साउदी अरब रियाल | १ को | ३८.४० | ३८.५६ |
| कतारी रियाल | १ को | ३९.४० | ३९.५७ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.२१ | ३९.३८ |
| मलेसियन रिङेट | १ को | ३५.५३ | ३५.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १५.६२ | १५.६८ |
| डेनिस क्रोनर | १ को | २२.६० | २२.६९ |
| हङकङ डलर | १ को | १८.४८ | १८.५६ |
| कुवेती दिनार | १ को | ४६८.४६ | ४७०.४२ |
| बहराइन दिनार | १ को | ३८२.०२ | ३८३.६१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**जाडो छल्न आगो ताप्दै** | सर्लाहीको सदरमुकाम मलंगवा नगरपालिका–१० का स्थानीयवासी जाडो छल्न आगो ताप्दै । लगातारको हुस्सु र शीतलहरका कारण अत्यधिक जाडो बढेपछि यहाँको जनजीवन प्रभावित बनेको छ । *तस्बिरः रासस*

# साढे नौ करोडमा ५४ घरलाई मौलिक स्वरूपमा रूपान्तरण गरिँदै



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले नरःदे (हाँडीगाउँ)को प्राचीनता फर्काउन नौ करोड ५० लाख रूपैयाँमा ५४ वटा घरको अग्रमोहडाको मौलिक स्वरूपमा रूपान्तरण गर्न थालेको छ । हाँडीगाउँको प्राचीनता नरःदे हो, यसको पुनःरुत्थानका लागि गुरुयोजनाबाटै काम गरिरहेको कामपाको भनाइ छ ।

आधुनिक भवन निर्माण प्रक्रिया र जीवनशैलीले रूपान्तरण भएको हाँडीगाउँको प्राचीनता फर्काउन कामपा केन्द्र र वडा कार्यालयबाट क्षेत्रगत र चरणगत काम भइरहेका छन् वडा पाँचका वडाध्यक्ष वीरेन्द्र प्रजापतिले जानकारी दिए ।

अध्यक्ष प्रजापतिका अनुसार यस क्रममा कृष्णमन्दिरदेखि डबली हुँदै भवँर कुःसम्मको करिब ३०९ मिटर सडक दायाँबायाँका भवनहरूको अग्रमोहोडालाई मौलिकस्वरूपमा रूपान्तरणको काम सुरु हुन लागेको छ । यस क्रममा पाटी, फल्चा, मन्दिर, सामुदायिक भवन तथा सडक तथा पेटीको पुनःरुत्थान गरिने छ । मौलिक शैलीमा घरको पेटी, कार्नेस, बलेँसी, पाखा वा पाली, झिँगटीको छानोजस्ता भाग महत्त्वपूर्ण मानिन्छन् । घरको गारोमा प्रयोग गरिएका इँटा बाहिरबाट देखिने खालका हुन्छन् । एकमुखे, तीनमुखे, पाँचमुखे गरी बिजोर कुँदिएका बुट्टेदार परम्परागत झ्यालहरू हुन्छन् । छिँडी, मातः, च्वतं र बुईंग गरी चार तला तथा छानासहितको घर मौलिक घरको 'डिजाइन' हो ।

किराँतकालीन टुँडालदेवीको जात्रा र लिच्छवीकालीन नारायण जात्रासहित वर्षौंदेखि सञ्चालन हुने गरेका जात्रा, पर्व, धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्परामा यो मार्गको अनिवार्य प्रयोग हुने गरेको छ । यस क्षेत्रमा कृष्ण मन्दिर, नारायण मन्दिर, दुईवटा बुद्ध चैत्य, जरु (परम्परागत इनार), महादेव मन्दिर, अक्षय तृतीयाका दिन सर्वत पानी वितरण गर्ने, दाफा भजन गाउनेसहित विभिन्न धार्मिक तथा सामाजिक क्रियाकलाप सञ्चालन हुने सत्तलहरू छन् ।

'यो क्षेत्र उपत्यकामा पूर्वलिच्छवि, वर्मा तथा लिच्छविकालको संस्कृति र सम्पदाका लागि सर्वाधिक प्राचीन स्थान हो,' वडाध्यक्ष वीरेन्द्र प्रजापति भन्छन्, 'हाँडीगाउँको प्राचीनता फिर्ता गराउन कृष्णमन्दिरबाट ढोकावहाल, भुँवर कु, कोटाल टोल, गहनापोखरी, न्हाल्मा टोलहुँदै ढल्कोभित्रको भाग पुरानो सहर हो ।' गहना खोज्ने पोखरी, कुमार कार्तिकेय र भीमसेनको मन्दिर, कृष्ण मन्दिर, टुँछें, नासद्यो (थटाल टोल), नासद्यो (कोटाल टोल) द्योछें (दथुटोलमा) यहाँका प्राचीन पहिचान हुन् । मनमानेश्वरी, सत्यनारायण मन्दिर, भारवीको धारा, अंशुवर्माको वडापत्र डबली, न्याल्मलोंह र (चौखटको चोक्टचा नारायणको चोक कैलाशकुट भवनको चमत्कारी तलाउ, भाटभटेनी (मौता द्यः), चारनारायण मन्दिर यसै क्षेत्रमा पर्छन् । *रासस*

# 'कठिन परिस्थितिमा पनि प्रहरी सुरक्षामा प्रतिबद्ध छ'

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले कठिन परिस्थिति र ठूलो क्षतिका बाबजुद पनि नेपाल प्रहरी नागरिकको सुरक्षाका लागि निरन्तर खटिएको बताएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक कार्यालयद्वारा शनिबार यहाँ आयोजित सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह-२०८२ को शुभारम्भ गर्दै आइजिपी कार्कीले गत भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनका क्रममा नेपाल प्रहरीका विभिन्न कार्यालय तथा भवनमा आगजनी गरिएको, ट्राफिक प्रहरीका संरचना र उपकरणहरूमा ठूलो क्षति पुगेको स्मरण गराए ।

उनले भने, 'आन्दोलनका क्रममा प्रहरीका विभिन्न कार्यालयमा ठूलो क्षति भयो । त्यस कठिन घडीमा पनि प्रहरीका खुट्टामा जुत्ता नहुँदा, शरीरमा लुगा नहुँदासमेत नागरिकको सुरक्षाका लागि सडकमा उभिइरहचो । हामी अहिले खरानीबाट उठेर पनि नागरिकको सुरक्षा सुनिश्चित गर्न सडकमा छौं ।'

महानिरीक्षक कार्कीले ट्राफिक सप्ताह-२०८२ लाई केवल औपचारिक कार्यक्रमका रूपमा नभइ, नागरिक चेतना अभिवृद्धिको अभियानका रूपमा लिन आग्रह गरे । उनले नेपालका सवारी चालकदेखि पैदल यात्रुसम्म सबैले सभ्य, शिष्ट र जिम्मेवार नागरिकको व्यवहार देखाउँदै ट्राफिक नियमको पूर्णपालना गर्ने विश्वास व्यक्त गरे ।

'ट्राफिक प्रहरीले हात हल्लाएर सडकमा डयुटी गर्नुपर्ने अवस्था अन्त्य होस्,' उनले भने, 'सभ्य नागरिक बनौं, ट्राफिक नियम पालना गरौं । यही नै ट्राफिक सप्ताह-२०८२ को मूल उद्देश्य हो ।' आइजिपी कार्कीले कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासन स्थापना हुने, कानुनी शासनबाट सुशासन आउने र सुशासनले समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने उल्लेख गरे । साथै, ट्राफिक सप्ताहको सफलताका लागि आमनागरिकको सक्रिय साथ, सहयोग र सहभागिता अपरिहार्य रहेको बताए ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नवराज अधिकारीले अभियानमाथि प्रकाश पार्दै जेन-जी युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा भएको क्षतिको स्मरण गर्दै उक्त आगजनीका कारण ट्राफिक प्रहरीका संरचना ध्वस्त भएको, उपकरण नष्ट भएको र कार्यालयमा रहेका नागरिकका महत्त्वपूर्ण कागजात जलेको बताए ।

'आमनागरिकको सहयोगमा हामी अहिले पुनर्निर्माणको चरणमा छौं,' उनले भने, 'भविष्यमा यस्ता ध्वंसात्मक गतिविधि नदोहोरिऊन् भन्ने हाम्रो कामना छ । सबै नागरिकले ट्राफिक नियमको अक्षरस पालना गर्नु हुने छ भन्ने हाम्रो विश्वास छ ।' उपत्यका प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) ईश्वर कार्कीले सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह-२०८२ को सफलताको शुभकामना व्यक्त गरे । उनले काठमाडौं उपत्यकामा बढ्दो सवारी चाप र दुर्घटनाका घटनालाई न्यूनीकरण गर्न सबै पक्ष प्रहरी, चालक, यात्रु र सर्वसाधारण सजग र जिम्मेवार हुनुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाकी नगरउपप्रमुख सुनिता डंगोलले शिक्षित वर्गलगायत आमनागरिकबाट नै ट्राफिक नियमको उल्लंघन हुने भएकाले उक्त कुरा यही अभियानबाट अन्त्य गर्नुपर्ने धारणा राखिन् । काठमाडौंका प्रमुख जिल्ला अधिकारी, विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका उच्च अधिकारी, कलाकार, सञ्चारकर्मीलगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । उक्त अभियान शनिबारदेखि सुरु भई आउँदो माघ ३ गतेसम्म सञ्चालन हुने छ । अभियानअन्तर्गत ट्राफिक सचेतना, नियम पालना, सवारी अनुशासन, पैदल यात्री सुरक्षा तथा दुर्घटना न्यूनीकरणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

# क्षेत्रगत रूपमा फोहोर व्यवस्थापन गर्न तथ्यांक संकलन गरिँदै

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले क्षेत्रगतरूपमा फोहोर व्यवस्थापन गर्न तथ्यांक संकलन गरिरहेको छ । कामपाले फोहोरलाई थप प्रभावकारी रूपमा व्यवस्थापन गर्न ३२ वटा वडालाई सातवटा क्षेत्रमा विभाजन गरी सुरु गरेको तथ्यांक संकलनको काम अन्तिम चरणमा पुगेको हो ।

विभाजन गरिएका क्षेत्रको फोहोर उत्पादनको अवस्था, उत्पादनको स्रोत, उत्पादनको मात्रा, फोहोर व्यवस्थापनको प्रक्रियालगायत विषयमा तथ्यांक लिने काम अन्तिम चरणमा पुगेको कामपाको वातावरण व्यवस्थापन विभागका सिभिल इञ्जिनियर रामप्रसाद नेपालले जानकारी दिए । उनका अनुसार सातमध्ये अहिले १, २, ३, ४, ५ र ६ क्षेत्रको तथ्यांक लिने काम सकिएको छ भने क्षेत्र सातमा पर्ने भित्री वडाहरूको मात्र काम बाँकी छ । सबै वडामा तथ्यांक लिने काम सकिएसँगै सोहीअनुसार फोहोर व्यवस्थापन गर्न सुरु गरिने नेपालले जानकारी दिए ।

फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउन नयाँ व्यवस्था गर्न लागिएको विभागको भनाइ छ । प्रत्येक क्षेत्रमा एक-एकवटा 'ट्रान्फरस्टेसन' तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लगिने छ । त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसंख्याका आधारमा क्षेत्र निर्धारण गरेको इञ्जिनियर नेपालले बताए ।

अहिले कामपाको २३ स्थानीय तहमा उत्पादित फोहोर 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुका साथै फोहोरमैला संकलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहोर क्षेत्र निर्धारण गरेर व्यवस्थान गर्न लागिएको हो । यसका लागि कामपाले उत्पादकलाई फोहोर व्यवस्थापनको जिम्मा लागाउने तयारीसमेत गरेको छ ।


**माइग्रेसन हराएको सूचना !**

मिति २०८२/०८/२१ गते सातदोबाटो देखि ईमाडोलसम्म जाँदा मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपसिल**

**नाम** : रजनी तोलंगे
**रजिष्ट्रेसन नं.** : ८०३२७३४९०११९
**माइग्रेसन सिम्बोल नं.** : २२७५११९३
**ठेगाना** : सिन्धुपाल्चोक, लामसाँघु
**सम्पर्क नं.** : ९७६७५८३९९१

**माइग्रेसन हराएको सूचना !**

मिति २०८२/०७/२५ गते मंगलबजार देखि नयाँबजार पाटनसम्म आउँदा मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपसिल**

**नाम** : सबिता भुजेल
**रजिष्ट्रेसन नं.** : ७९३२७४७८०४२२
**माइग्रेसन सिम्बोल नं.** : २२७५४५८५
**सम्पर्क नं.** : ९८१५८४५८८४



**वडिगाड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**ग्वालीचौर, बागलुङ**
**गण्डकी प्रदेश, नेपाल ।**

**नदीजन्य पद्धार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को उत्खनन् संकलन तथा विक्रिको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना ।**

**(प्रथम सूचना परकाशित मितिः २०८२/०९/२७)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशिलमा उल्लेखित नदीको स्वीकृत स्थलहरुबाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पद्धार्थ उत्खनन् गरी बडिगाड गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित तोकिए बमोजिमको शर्तहरुको अधीनमा रहि विद्युतिय पद्धती (E–Bidding) मार्फत बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्काको विवरणः**

| क्र.स. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1. | BRM/SQ/ RBMC/03/2082/83 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at Khaarapani Bagar of Badigad Khola( Badigad ga.pa -02) | 53334 | 480006 | 1000 |
| 2. | BRM/SQ/ RBMC/04/2082/83 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at Jogi Bagar of Badigad Khola ( Badigad ga.pa -05) | 38889 | 350001 | 1000 |
| 3. | BRM/SQ/ RBMC/05/2082/83 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at Sisneri Bagar ,dhaireghat bagar & eklekhet of Badigad Khola ( Badigad ga.pa -06) | 27778 | 250002 | 1000 |
| 4. | BRM/SQ/ RBMC/06/2082/83 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at Turture Bagar Masane bagar & Banjade Bagar of Badigad Khola (Badigad ga.pa -07) | 77288 | 695592 | 1000 |

**नोटः–** थप जानकारीको लागि बडिगाड गाउँपालिकाको वेबसाईटमा हेर्नुहोला ।

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# निर्वाचन सुरक्षा चुनौतीमा ध्यान देऊ

प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा हुँदादेखि उठेको सुरक्षा चुनौतीको विषयमा राजनीतिक दल तथा सरोकारवालाहरू अझै ढुक्क बनिसकेका छैनन् । निर्वाचन नजिकिँदै गर्दा यही कारणले चुनाव बिथोलिने वा चुनाव भइहाले निष्पक्ष, भयरहित र शान्तिपूर्ण निर्वाचन हुने/नहुने भन्नेमा सबैको चासो बढेको छ । यहीबीच सरकारले भने सुरक्षा व्यवस्थाका लागि पर्याप्त तयारी गरिरहेको बताउँदै आएको छ ।

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीनवटै सुरक्षा निकाय (सेना, सशस्त्र र प्रहरी) परिचालन गरिएको छ। निर्वाचन सुरक्षाका लागि अस्थायी जनशक्ति 'निर्वाचन प्रहरी'को भर्ना प्रक्रिया पनि अगाडि बढाइएको छ। शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्ने सरकारको प्रतिबद्धता कति पूरा हुन्छ, त्यो हेर्न बाँकी नै छ।

आगामी निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायहरूले पुराना विष्फोटकभन्दा पनि नयाँ किसिमका बम र रसायन प्रयोग गर्ने प्रवृत्तिलाई मुख्य सुरक्षा चुनौतीका रूपमा औंल्याएका छन् । गत भदौ २३ र २४ गतेको जेन–जी विद्रोहमा नेताहरूको घर, निजी तथा सरकारी भवनमा आगजनी गर्दा पेट्रोल बम र रसायन प्रयोग भएको स्मरण गर्दै आगामी निर्वाचनमा तिनै दुई वस्तु सुरक्षा दृष्टिकोणले चुनौती हुने सुरक्षा निकायहरूको विश्लेषण छ ।

शुक्रबार सिंहदरबारमा बसेको राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी) उमाप्रसाद चतुर्वेदीले पेट्रोल बम, केमिकल तथा घरेलु विष्फोटक प्रयोग गरी आन्दोलनलाई हिंसात्मक बनाउने मानसिकता राष्ट्रिय सुरक्षाका लागि गम्भीर चुनौती रहेको बताए। यद्यपि, निर्वाचनको सुरक्षामा प्रहरी सम्पूर्ण रूपमा तयारी भएको बताए। त्यसका लागि नेपाली सेना र सशस्त्र प्रहरीसँग समन्वय गरिएको पनि उनको भनाइ छ।

नेपाली सेनाका सहायक रथी मनोज थापाले विगतका अधिकांश बारुदी सुरुङ र विष्फोटक पदार्थ नष्ट भइसकेको भए पनि पेट्रोल बम र रसायनको प्रयोग चुनौतीपूर्ण रहेको बताए । यसप्रति संवेदनशील हुनुपर्ने भन्दै उनले अज्ञात सूचनामा आधारित जोखिम पनि चुनौतीपूर्ण भएको उल्लेख गरे । निर्वाचन भाँड्न खोज्ने तत्वहरूले निर्वाचनको अघिपछि ठाउँठाउँमा बम विष्फोट गर्न सक्ने भन्दै त्यसतर्फ पनि सेनाले सोचेको बताए ।

निर्वाचन सुरक्षामा देखिएका यी चुनौतीहरूप्रति सरकार गम्भीर बन्नुपर्छ । मुलुकलाई राजनीतिक स्थायित्वमा लैजान निर्वाचन अहिलेको एकमात्र विकल्प हो। त्यसैले यो निर्वाचनलाई शान्तिपूर्ण बनाउनु सरकारको दायित्व हो। यसमा सरकारको ध्यान जाओस्। सरोकारवालाहरूले पनि जिम्मेवारीका साथ यसमा सरकारलाई सहयोग गरौं ।

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# 'निर्वाचन सुरक्षामा कुनै कम्प्रोमाइज हुँदैन'



**मनिष थापा**
सशस्त्र प्रहरी नायब महानिरीक्षक

यतिबेला मुलुक प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ । नेपाल सरकार, निर्वाचन आयोग, सबै सुरक्षा निकाय, राजनीतिक दल र सरोकार भएका पक्षले निर्वाचनका लागि आफ्नातर्फबाट तयारी गरिरहेका छन् । एकीकृत सुरक्षा रणनीतिअनुसार सुरक्षाको दोस्रो घेरामा रहने सशस्त्र प्रहरी बल नेपालले पनि आफ्नो तयारीलाई तीव्रता दिएको छ । उक्त तयारीका सम्बन्धमा सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक **मनिष थापा**सँग *राष्ट्रिय समाचार समिति (रासस)* ले गरेको कुराकानीः

**मुलुक निर्वाचनको सम्मुखमा छ, सशस्त्र प्रहरी बलको बुझाइमा शान्ति सुरक्षाको अवस्था कस्तो छ ?**

मुलुकमा शान्ति सुरक्षाको अवस्था मजबुद छ । प्रमुख सुरक्षा संगठनको हैसियतमा सशस्त्र प्रहरी बल नेपालले अन्य सुरक्षा निकायसँग समन्वयका साथ कार्य गर्दै आइरहेको छ । मुलुक निर्वाचनमय भइसकेको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्षरूपमा सम्पन्न गर्न सिंगो संगठन क्रियाशील भइसकेको छ । निर्वाचन प्रहरी भर्नाको प्रक्रिया सुरु भएको छ । सशस्त्र प्रहरी 'हेडक्वार्टर', बाहिनी र जिल्लास्तरमा निर्वाचन सेल गठन गरेर अनुशिक्षण तालिमलगायत आवश्यक बन्दोवस्त गरिसकेका छौं ।

**निर्वाचनलक्षित सुरक्षा रणनीति के कस्तो अवलम्बन गरिएको छ ?**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सम्पूर्ण सुरक्षा रणनीतिहरू तयार भइसकेको छ । सोही रणनीतिअनुसार चारवटै सुरक्षा फौज आपसी सहयोग र समन्वयका साथ अघि बढ्ने छन् । हामीसँग अप्ठ्यारो परिस्थितिमा यसअघि निर्वाचन सफल गराएको अनुभव छ । तीनै अनुभव र वर्तमान आवश्यकतालाई सम्बोधन गर्दै तदअनुरूप सुरक्षा व्यवस्था मिलाइने छ ।

**निर्वाचनमा हुनसक्ने सम्भावित चुनौतीलाई कसरी हेरिएको छ ?**

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी वर्गीकरण गरिएको छ । सोहीअनुरूप बाहिनी र जिल्लामा आवश्यक तैनाथी मिलाइएको छ । केन्द्रमा दुई प्लटुनलाई 'स्पेसल टास्क फोर्स' (एसटिएफ)का रूपमा तयारी अवस्थामा राखिएको छ । हरेक बाहिनीमा एक-एक प्लटुन 'क्विक रियाक्सन टिम'को व्यवस्था गरिएको छ। यस्तै मोबाइल स्ट्राइकिङ, क्विक रेस्पोन्स टिम र तैनाथी टोलीहरू बाहिनी, गणमा मौज्दातमा राखेर सोहीअनुसार परिचालित गर्ने नीति बनाइएको छ। निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्पूर्ण सुरक्षा रणनीति तयार छन् । सोहीअनुसार सशस्त्र प्रहरी परिचालित भइसकेको छ । सुरक्षाको सवालमा कुनै 'कम्प्रोमाइज' हुँदैन ।

**निर्वाचनका समयमा सशस्त्र प्रहरी बलका कति जनशक्ति खटिन्छन् ?**

निर्वाचनमा सशस्त्र प्रहरीतर्फ ३४ हजार ५७६ जना र १५ हजार ११० 'निर्वाचन प्रहरी' गरी कूल ४९ हजार ६८६ जना परिचालित हुन्छन् । आवश्यक जनशक्ति अभावका कारण निर्वाचन प्रहरी लिन लागिएको हो । सुरक्षा चुनौतीलाई मध्यनगर गरी अन्य सुरक्षा निकायको समन्वयमा सुरक्षा व्यवस्था मजबुद बनाउने कार्य भइरहेको छ ।

**निर्वाचनका समयमा असहज स्थिति बनेको खण्डमा कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

निर्वाचनमा सशस्त्र प्रहरीले दोस्रो घेरामा रहेर सुरक्षा प्रदान गर्ने हो । जिल्ला सुरक्षा समिति र अन्य सुरक्षा निकायसँगको समन्वयमा सशस्त्र प्रहरी परिचालन हुन्छ । निर्वाचनको समयमा कुनै पनि अप्रिय घटना हुन नदिन उच्चसतर्कता अपनाएका छौं । जुनसुकै अवस्थामा पनि सशस्त्र प्रहरी १० मिनेटभित्र घटनास्थलमा पुग्नेगरी परिचालित गरेका छौं ।

- निर्वाचन प्रहरी भर्नाको प्रक्रिया सुरू भएको छ । सशस्त्र प्रहरी 'हेडक्वार्टर', बाहिनी र जिल्लास्तरमा निर्वाचन सेल गठन गरेर अनुशिक्षण तालिमलगायत आवश्यक बन्दोवस्त गरिसकेका छौं ।
- हामीसँग अप्ठ्यारो परिस्थितिमा यसअघि निर्वाचन सफल गराएको अनुभव छ । तीनै अनुभव र वर्तमान आवश्यकतालाई सम्बोधन गर्दै तदअनुरुप सुरक्षा व्यवस्था मिलाइने छ ।
- निर्वाचनमा सशस्त्र प्रहरीतर्फ ३४ हजार ५७६ जना र १५ हजार ११० 'निर्वाचन प्रहरी' गरी कूल ४९ हजार ६८६ जना परिचालित हुन्छन् ।
- निर्वाचनमा सशस्त्र प्रहरीले दोस्रो घेरामा रहेर सुरक्षा प्रदान गर्ने हो । जिल्ला सुरक्षा समिति र अन्य सुरक्षा निकायसँगको समन्वयमा सशस्त्र प्रहरी परिचालन हुन्छ । निर्वाचनको समयमा कुनै पनि अप्रिय घटना हुन नदिन उच्चसतर्कता अपनाएका छौं ।
- आसन्न निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सशस्त्र प्रहरी खटिइसकेको छ । कुनै पनि कमिकमजोरी हुन नदिई शान्ति सुरक्षालाई अझ मजबुत बनाएर लैजान्छौं । आममतदातालाई ढुक्क भएर निर्वाचनमा भाग लिन आग्रह गर्दछौं ।

**जेन–जी आन्दोलनका क्रममा फरार कैदी र लुटिएका हतियारलाई मुख्य सुरक्षा चुनौतीका रूपमा विश्लेषण गरिएको छ । यसलाई सशस्त्र प्रहरीले कसरी लिएको छ ?**

नेपाल प्रहरी र अन्य सुरक्षा निकायसँग समन्वयमा सशस्त्र प्रहरीले काम गरिरहेको छ । सुरक्षा चुनौतीका विषय पहिचान गरिसकेका छौं । फरार कैदी र लुटिएका हतियार उल्लेख्य संख्यामा नियन्त्रणमा आइसकेका छन् । प्रश्न उठाइएको जस्तो सुरक्षा चुनौती हुन्न ।

पछिल्लो समय सुरक्षा फौजको मनोबलको विषय उठाइएको छ । के बाहिर टिप्पणी भएजस्तै अवस्था हो र ?

सशस्त्र प्रहरी बलको मनोबल हिजो पनि उच्च नै थियो । आज पनि उच्च नै छ र भोलि पनि उच्च नै हुने छ । राष्ट्र र जनताप्रति समर्पित सुरक्षाकर्मीको मनोबल खस्केको छैन । विगतका अनुभवका आधारमा आसन्न निर्वाचनलाई सफल बनाउन उच्च मनोबलका साथ खटिएका छौं । निर्वाचनको जिम्मेवारी सहजरूपमा पूरा गर्छौं ।

**सशस्त्र प्रहरी मातहत खटिने १५ हजार निर्वाचन प्रहरीको भूमिका कस्तो रहन्छ ?**

सशस्त्र प्रहरी बलले १५ हजार ११० निर्वाचन प्रहरी लिन लागेको छ । निर्वाचन प्रहरी छनोट भइसकेपछि सशस्त्र प्रहरीलाई चाहिएको जनशक्ति उपलब्ध हुने हो । उनीहरूलाई १० दिनको तालिम दिएर परिचालन गर्छौं । उनीहरूलाई सशस्त्र प्रहरीले नै कमाण्ड गर्ने छ । १२ जना रहने एउटा मोबाइल टोलीमा सात जना सशस्त्र प्रहरी र पाँच जना निर्वाचन प्रहरी हुने छन् । उनीहरूले मतदानस्थलसम्म पुगेर सुरक्षा प्रदान गर्ने छन् ।

**सशस्त्र प्रहरी बलको प्रमुख जिम्मेवारी सीमा सुरक्षा पनि हो । निर्वाचनको समयमा सीमा क्षेत्रबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप रोक्न के–कस्तो तयारी गरिएको छ ?**

सशस्त्र प्रहरी बल तोकिएका १४ वटा 'म्याण्डेड'अनुसार सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व चुहावट नियन्त्रण र विपद् व्यवस्थापनलाई प्रमुख कार्यभार मानेर परिचालित भएको छ । निर्वाचनसँगै अन्य समयमा पनि सीमालाई कसरी व्यवस्थित र सुरक्षित बनाउन सकिन्छ भनेर काम भइरहेको छ । निर्वाचनका समयमा कुनै पनि घटना नहोस् भनेर बोर्डर आउट पोस्ट (बिओपी) मा पनि त्यहीअनुसार समन्वयात्मक ढंगबाट परिचालन गरिएको छ । समकक्षी संगठनसँग समन्वय गरेर गस्ती भइरहेको छ । यस्तै समयसमयमा सीमा सुरक्षा बैठक पनि भइरहेका छन् ।

**राजस्व चुहावट नियन्त्रणमा सशस्त्र प्रहरीको योगदान कस्तो छ ?**

चुहावट नियन्त्रण गरेर राजस्व संकलनमा सशस्त्र प्रहरी बल सक्रियतापूर्वक खटिइरहेको छ । पछिल्लो छ महिनामामात्रै सशस्त्र प्रहरीले एक अर्ब ८५ करोड रूपैयाँभन्दा बढी अवैध सामान नियन्त्रणमा लिएर राजस्व अनुसन्धान तथा भन्सार कार्यालयमा दाखिला गरेको छ । चुहावट नियन्त्रणमा सशस्त्र प्रहरी चनाखो छ ।

**सशस्त्र प्रहरी बल स्थापनाको २५ वर्ष पुगेको छ । रजत महोत्सवको तयारी कसरी भइरहेको छ ?**

रजत महोत्सवलाई भव्यतापूर्वक सफल बनाउन विभिन्न कार्यक्रम तय गरिएका छन् । भर्खरैमात्रै पूर्वपश्चिम 'झण्डा मार्च' कार्यक्रम सुरु भएको छ । सशस्त्र प्रहरी हेडक्वार्टर, बाहिनी, गणमा विभिन्न कार्यक्रम हुने छन् । मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गराउँदै आन्तरिक र बाह्य सुरक्षालाई प्रभावकारी बनाउन सशस्त्र प्रहरी खटिइरहेको छ ।

**निर्वाचनका लागि देशवासीलाई सशस्त्र प्रहरीको सन्देश के छ ?**

आसन्न निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सशस्त्र प्रहरी खटिइसकेको छ । कुनै पनि कमिकमजोरी हुन नदिई शान्ति सुरक्षालाई अझ मजबुत बनाएर लैजान्छौं । आममतदातालाई ढुक्क भएर निर्वाचनमा भाग लिन आग्रह गर्दछौं ।

पाठक मञ्च

## बिमाको नाममा खुलेआम ठगी, प्रमुख दोषी सरकार !

नेपालमा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको एक दशक हुनलाग्यो । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आफू स्वास्थ्यमन्त्री हुँदा स्वास्थ्य बिमा कार्यक्रमको सुरुआत गरेका थिए । सुलभ मूल्यमा सबैको पहुँचमा उपचार भन्दै धमाधम स्वास्थ्य बिमा गरियो । ३५ सय रूपैयाँमा एकाघरको पाँच सदस्यको एक लाख रूपैयाँसम्म उपचार स्वास्थ्य बिमामार्फत गरिने सरकारको नीति छ ।

तर, सरकारको स्वास्थ्य बिमा नीति फ्लप खाइसकेको छ। स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा गर्न सक्दैनौं भनेर हात उठाइसकेको छ। स्वास्थ्य बिमाको नाममा सरकारले नै सर्वसाधारणलाई नै ठगेको छ । स्वास्थ्य बिमाका लागि सरकारले निश्चित अस्पताल तोकेको छ । तर, सरकारले भुक्तानी नदिएपछि अधिकांश अस्पतालले बिमामार्फत उपचार कार्यक्रम बन्द गरेको छ।

बिमा सञ्चालन भएका अस्पतालले उपचार त गरिदिन्छ यद्यपि, औषधि दिँदैन । उपचार पाउन पनि निकै झमेला छ। पहिले बिमाको कार्ड देखाएर उपचार गराउन सकिन्थ्यो। अहिले स्थानीय तहबाट सिफारिस ल्याउनुपर्ने प्रावधान छ। बिमाको बिरामी भन्नेबित्तिकै डाक्टर-नर्सले निधार खुम्च्याउँछन् । उनीहरूलाई अस्पतालमा हेपाहा व्यवहार देखाइन्छ। उपचार नै गर्दैनन् ।

करोडौं जनताले स्वास्थ्य बिमा गराएका छन्। अहिले सबैको गुनासो यहीँ नै छ। अस्पतालले उपचार गर्न नमानेको, औषधि नदिएको उनीहरू बताउँछन् । स्वास्थ्य बिमा गरेकोमा सर्वसाधारण अहिले पछुताइरहेका छन् । सरकारले नै स्वास्थ्य बिमाको नाममा जनतालाई ठगेको उनीहरूको आरोप छ । यता, बिमाको रकम नपाउँदा अस्पतालहरू पनि पीडित बनेका छन् ।

उपचार गराएको पैसाको पर्खाइमा छन्, अस्पताल । मुलुकमा स्वास्थ्य र शिक्षा सबैभन्दा महँगो छ । ३५ सयमा पाँच जनाको उपचार गर्न कुनै हालतमा सम्भव छैन। यति रकममा त औषधी नै पाइँदैन । थापाले सस्तो लोकप्रियता कमाउन र व्यक्तिगत फाइदाका लागि बिमाको कार्यक्रम ल्याए। अहिले सरकारलाई स्वास्थ्य बिमा कार्यक्रम 'निल्नु न ओकाल्नु' भएको छ।

अर्बौं रूपैयाँ भुक्तानी बाँकी छ, अस्पताल उपचार गर्न मान्दैनन्। जनता उपचार भएन भन्दै गुनासो गर्छन् । केही नलागेपछि बोर्डले 'हामी सक्दैनौं' भनेको छ। पछिल्लो समय मुलुकमा थुप्रै इन्स्योरेन्स कम्पनी खुलेको छ । बिमाको विभिन्न कार्यक्रम सञ्चालनमा छ। जीवन बिमा, सवारी बिमा, भवन बिमा, जहाज बिमा, घरजग्गा बिमालगायत थुप्रै बिमा गराउनुपर्छ।

वैदेशिक रोजगारीमा जानेले समेत बिमा गर्नुपर्छ । बिमा नगरिकन श्रम स्वीकृति पाइँदैन । सवारी बिमाविना रुट परमिट र ब्लुबुक नवीकरण गरिँदैन। बिमा नगरेको घरजग्गा धितो राखेर बैंकले ऋण दिँदैन । यहाँ हरेक चीजको बिमा गराउनुपर्ने व्यवस्था छ। बिमा कम्पनीहरूले बैंकसँग सेटिङमा सरकारलाई हाता लिएर हरेक क्षेत्रमा बिमा अनिवार्य गराएका छन् ।

बिमा नगरिकन कसैलाई सुःख नै छैन । बिमा गर्ने बेलामा अंकुशे लगाउने सरकार रकम दिने बेलामाचाहिँ किन चुइक्क बोल्दैन ? बिमा कम्पनीले एजेण्ट खटाएर खुरुखुरु पैसा उठाउँछ । लिँदाचाहिँ विभिन्न प्रलोभन देखाउँछ, दिने बेलाचाहिँ दाँतबाट पसिना छुट्छ। जीवन बिमा गरेका कुनै बीमकको ज्यान गयो भने बिमा कम्पनीबाट पैसा निकाल्न धेरै गाह्रो छ।

यो-त्यो कागजात भन्दै वर्षौं बिताइदिन्छन् । त्यतिबेला लाग्छ-किन बिमा गराइएछ? पैसा दिँदैनन्। प्रहरीको रिपोर्ट, वडाको सिफारिस, अस्पतालको रिपोर्ट भनेर दुःख दिइरहन्छन्। कतिपय त यस्तो झमेलाका कारण बिमाको पैसा नै लिन जाँदैनन् । बिमा कम्पनीहरू यहाँ मान्छेको ज्यान र सम्पत्ति जोगाउन होइन, उनीहरूलाई लुट्न खुलेको हो । बिमा हरेक वर्ष नवीकरण गराउनुपर्छ।

एक वर्षभित्र दुर्घटना भयो भने पैसा पायो, नत्र पाएन । बिमा कम्पनीले नै त्यो पैसा खाइदिन्छ । एकपटक मात्र नवीकरण गर्न सकिएन भने रकम पाइँदैन । अगाडि तिरेको सबै पैसा कम्पनीले नै खान्छ । बिमा कम्पनीले खुलेआम सर्वसाधारण ठगिरहेको छ। तर, सरकार देख्दैन। बिमा कम्पनीले ठूलो रकम असुल्छ। तर, त्यसको म्याद जम्मा एक वर्षको हुन्छ। कमसेकम १० वर्षको म्याद त हुनुपर्छ।

- **अनुसा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ढिक्री पकाइँदै** | दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं ४ बनहरीमा ढिक्री पकाइँदै । *तस्बिर: रासस*

# महाकालीको बगरमा बालुवा छानेर जीविका चलाउने दम्पतीहरू

**महेन्द्रनगर–** कञ्चनपुरको लालझाडी गाउँपालिका-४ जाइँका ५६ वर्षीय भजौरा चौधरी महाकाली नदीको बगरमा श्रीमतीसहित बालुवा छानिरहेको अवस्थामा भेटिए ।

गत मंसिर दोस्रो साता कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ महाकाली नदीको बगरमै झोपडी बनाएर आश्रय लिइरहेका चौधरी दम्पतीको काम दिनभर बालुवा र गिट्टी छान्ने हो । हरेक वर्ष हिउँदका बेला छ महिना नदीको बगरमा बसेर बालुवा गिट्टी छानेर बिक्री गरी घरायसी खर्च चलाउन थालेको चौधरीको दम्पतीको चार वर्ष भयो ।

'गरेर खाने बानी भयो ढुंगा, गिट्टी सारो मानेर के गर्नु,' मुस्कुराउँदै भजौरा डगौराले भने, 'अरु बेला गाउँघरमा खेती किसानीमा समय सदुपयोग गरेर पनि हिउँदमा भने महाकालीको बगरमा आइहाल्छौं ।' उनले मंसिरदेखि आगामी वैशाखसम्म बगरमै रात बिताएर ढुंगा गिट्टी छानेर जीविका चलाउने योजना सुनाए ।

'बगरमा झोपडीको बास भए पनि पेट पाल्न बिहानदेखि साझँसम्म छानमै हुन्छौं,' उनले भने, 'बेचेको बालुवा/गिट्टीको रकमबाट आफ्नो खर्च र मासिक २५/३० हजार रूपैयाँ कमाइ गरेर घर लैजान्छौं ।' पारिवारिक अवस्था नाजुक भएकै कारण वृद्ध अवस्थामा पुग्दा आफूहरू रोजगारी सम्झेर बगरमा काम गरिरहेको चौधरी दम्पतीको भनाइ छ । 'चार छोरी/तीन छोरा गरी सात जना सन्तती छन्,' उनले भने, 'शरीरमा ताकत हुँदासम्म आफैं गरेर खाँउ भनेर हरेक वर्ष महाकालीमा दुःख गर्न आउँछौं ।'

त्यसैगरी महाकाली नदीको तटीय क्षेत्र भीमदत्त नगरपालिका-१३ बडैपुरका खड्कसिंह भट्टको दम्पती पनि नदीको बगरमै वालुवा र गिट्टी छानेर जिविका चलाइरहेका छन् । 'यहाँको दुःखले घरको चुल्हो बल्छ,' भट्टले भने, 'विगत डेढ दशकदेखि बगरकै संघर्षले जीविका चलेको छ ।' उनले दुई छोराहरू हालै मजदुरीका लागि भारतको बैंग्लोर गएको बताए ।

'प्रतिट्रली बालुवा दुई हजार रूपैयाँ र गिट्टी तीन हजार रूपैयाँमा बिक्री हुन्छ,' उनले भने, 'बगरमा गिट्टी छान्नु भनेको सामान्य दुःखले सम्भव छैन ।' भट्टले महाकालीको तटीय क्षेत्र भुजेला, ओदाली, बडैपुर र पिपरियाका स्थानीयको रोजगारीको गन्तव्य नै बगर हुँदै आएको बताए ।

'पहिले दलित, सोनाहलगायत विपन्न समुदायका नागरिकहरू बालुवा छान्न धेरै आउँथे,' भट्टले भने, 'अहिले त कञ्चनपुरको बेल्डाडी, बेलौरीदेखि कैलालीबाटसमेत आउने गर्छन् ।' उनले चार दिनको फरकमा एक ट्रली बालुवा/गिट्टी बिक्री हुने गरेको बताए ।

'बालुवा छान्न बोक्दै टाउकोको कपाल झरिसके,' भट्टले भने, 'बूढा/बूढी हासीमजाक गर्दै दिनभर बगरमै संघर्ष गरिरहेका छौं ।' भीमदत्त नगरपालिका-११ भुजेलादेखि वडा नं १३ को झोलुंगे पुलसम्मको क्षेत्रमा यतिबेला सयौं परिवार बालुवा/गिट्टी छानेर आयआर्जनमा जुटेको भीमदत्त नगरपालिका-१३ का वडाध्यक्ष रामबहादुर बोहराको भनाइ छ ।

'मेरो वडाका मात्रै डेढ सयभन्दा बढी परिवार हिजोआज महाकाली नदीको बगरमा बालुवा/गिट्टी छान्ने कार्यमा संलग्न छन्,' वडाध्यक्ष बोहराले भने, 'बगर गरिबीको रेखामुनि रहेका नागरिकहरूले जिविका चलाउने थलो बनेको छ ।' उनले लामो समयदेखि हिउँदका बेला स्थानीयहरू नदीमा काम गर्ने गरेको बताए । स्थानीय नागरिकका साथै स्कुले विद्यार्थीसमेत यतिबेला बालुवा छान्ने कार्यमा संलग्न रहेको देखिएका छन् । भीमदत्त नगरपालिका-१३ बडैपुरस्थित सिद्धनाथ माध्यमिक विद्यालयमा कक्षा-९ मा अध्ययनरत छात्रा भूमिका धामी र कक्षा-१० मा अध्ययनरत ललिता खत्री पनि बगरमा बालुवा छान्दै गर्दा भेटिए ।

'अहिले बिदाको समय भएकाले घर खर्च र आफ्नो लुगाफाटो किन्न हुन्छ भनेर यहाँ काम गरिरहेका छौं,' भूमिका धामीले भने, 'विद्यालय समय सकेर बेलुकीपख पनि घर नजिक भएकाले बालुवा छान्न आइरहेका हुन्छौं ।' उनले आफूहरू विगत तीन वर्षयता यहाँ हिउँदमा बालुवा छान्न आइरहेको बताए ।

'बर्सात्का बेला नदीमा पानीको बहाव हुने भएकाले काम गर्न सकिँदैन,' उनले बालुवा संकलन अवस्थाबारे भने, 'अहिलेको बेला त महाकाली छेउछाउका बस्तीका लागि काम गर्न आउने ठाउँ नै यहीं हो ।' उनले छानको बालुवा र गिट्टी खरिदका लागि ट्र्याक्टर लिएर बगरमै पुग्ने गरेको बताए ।

त्यस्तै भीमदत्त नगरपालिका-१३ का मनोज साउँद बगरमा बालुवा गिट्टी छानेर घर खर्च चलाउन थालेको १० वर्ष भयो । 'हामी दम्पती नै बिहानदेखि साँझ अबेरसम्म यहाँ छानको काममा सक्रिय हुनु नै दैनिकी हो,' बगरमा भेटिएका साउँदले भने, 'एक सिजनमा दुवै जनाको गरेर डेढ/दुई लाखसम्म कमाइ हुन्छ ।' *रासस*

# थारु बस्तीमा बढ्यो माघीको चहलपल

**कञ्चनपुर–** थारु समुदायको नयाँ वर्ष तथा सबैभन्दा ठूलो सांस्कृतिक पर्व माघी नजिकिँदै गर्दा कञ्चनपुरका बस्तीहरूमा चहलपहल निकै बढेको छ । माघीको आगमनसँगै थारु गाउँहरूमा बिहानदेखि साँझसम्म पुरुष र महिला दुवैको व्यस्तता बढेको छ ।

कसैले दाउरा जोहो गरिरहेका छन् भने कसैले वनबाट साल र मालुका पात संकलन गरिरहेका छन् । महिलाहरू घरआँगनमा बसेर पातका दुना-टपरी बनाउन व्यस्त छन् । 'माघीमा पाहुनालाई दुना-टपरीमै खाना पस्किने चलन छ,' कृष्णपुर नगरपालिका-२, वाणिका दुर्गा चौधरीले भने, 'यसले थारु समुदायको प्रकृतिसँगको आत्मीय सम्बन्ध झल्काउँछ ।'

उनका अनुसार थारु समुदायका मौलिक परिकारहरू माघी पर्वको केन्द्रमा रहन्छन्, ती परिकारहरूलाई घरकै महिलाहरूले पात गाँसेर बनाएका दुनाटपरीमा दिने चलन छ । माघीमा अनिवार्य मानिने 'ढिक्री,' 'अनदीको भात,' 'सुँगुरको मासु' र 'जाँड' बनाउने तयारी अहिले अन्तिम चरणमा पुगेको उनले बताए ।

'माघीका लागि महिलाहरू घरघरमा अनदी चामल भिजाउने, पकाउने र जाँड राख्ने काममा व्यस्त छन्,' शुक्लाफाँटा नगरपालिका-२ का पूर्वबरघर भरतबहादुर चौधरीले भने, 'घरका पुरुषहरू सुँगुरको जोहोमा लागेका छौं ।' उनका अनुसार केही महिला र पुरुषहरू नदी, खोला, तालतलैया र पोखरीमा माछा मार्ने कार्यमासमेत संलग्न भइरहेका छन् । बालबालिकादेखि वृद्धसम्मको सहभागितामा हुने यी तयारीले गाउँमा सामूहिकताको भावना बलियो बनाउने उनको भनाइ रहेको छ ।

साँझ पर्न नपाउँदै गाउँका चोक र खुला आँगनमा मादलको ताल सुनिन थालिसकेको छ । 'मघौटा नृत्यको अभ्यासले गाउँको वातावरण झन जीवन्त बनेको छ,' शुक्लाफाँटा नगरपालिका-७ का कालुराम डगौराले भने, 'युवायुवतीहरू माघीमा देखाउने नृत्यको अभ्यासमा जुटेका छन् भने ज्येष्ठ नागरिकहरू पुराना माघीका कथा र अनुभव सुनाउँदै बसिरहेका देखिन्छन् ।'

माघी पर्वमा विवाहित चेलीबेटीहरूलाई माइती बोलाउने चलन रहेकाले उनीहरूलाई निम्ता दिन थालिएको छ । पर्वको स्वागतमा थारु बस्तीका कच्ची घरहरू लिपपोत गरेर चिटिक्क पारिएका छन् भने पक्की घरहरू रङरोगन गरिएका छन् । आँगन सफा गरिएको छ, गोठघर मर्मत गरिएको छ । गाउँका साझास्थल, मन्दिर र बाटोघाटोमा सामूहिक सरसफाइ अभियान चलाइएको शुक्लाफाँटा नगरपालिका-३ का बरघर राजु चौधरीले जानकारी दिए ।

कञ्चनपुरका शुक्लाफाँटा, बेदकोट, कृष्णपुर र बेलौरी नगरपालिकाका थारु बहुल क्षेत्रहरूमा माघी विशेष सांस्कृतिक कार्यक्रम तथा महोत्सवको तयारी पनि तीव्र गतिमा भइरहेको छ । माघी पर्वलाई सत्रुता भुलेर मित्रता गाँस्ने पर्वका रूपमा लिइने गरिन्छ । 'पुराना मनमुटाव माघीमा टुंग्याउने, आपसी सम्बन्ध सुधार्ने र नयाँ वर्षलाई सकारात्मक सोचका साथ सुरु गर्ने परम्परा थारु समाजमा गहिरो छ,' जोनापुर गाउँका बडघर सुरेश चौधरीले भने ।

उनका अनुसार माघी केवल खानपान र रमाइलोमा सीमित पर्व होइन, यो थारु समुदायको पहिचान, संस्कृति र सामाजिक एकताको प्रतीकका रूपमा रहेको छ । माघीको सबैभन्दा महत्त्वपूर्ण पक्षमध्ये गाउँको नयाँ नेतृत्व चयन हो । माघीकै अवसरमा बस्ने गाउँसभा 'देवानी' मा वर्षभरको आय-व्ययको समीक्षा गरिनुका साथै आगामी वर्षका लागि नयाँ भल्मन्सा (गाउँ प्रमुख), बरघर, चौकीदार र गुरुवाको चयन गरिन्छ । *रासस*



## माघी पर्वको तयारी तीव्र

**कैलाली–** थारू समुदायको ठूलो पर्व माघी पर्व आउन अब केही दिनमात्रै बाँकी छ । पश्चिम नेपालका तराई क्षेत्रमा बसोबास गर्ने थारू समुदायका बस्तीमा यतिबेला माघी पर्वको तयारी तीव्र रूपमा भइरहेको छ । पर्व नजिकिएसँगै कैलाली, कञ्चनपुरका थारु बाहुल्य क्षेत्रमा चहलपहल निकै बढेको छ । पर्वलाई भव्यरूपमा मनाउन घरपरिवारका सदस्यहरू आ-आफ्नो कामको जिम्मेवारी लिएर खटिरहेका छन् । पुरुषहरू मासुको जोहो गर्न गाउँगाउँ धाइरहेका छन् भने महिलालाई दुना, टपरी बनाउन भ्याइनभ्याइ छ ।

पर्वको तयारीका क्रममा विशेषगरी अण्डी धानको चामल, पीठोलगायत खाद्यान्नको जोहो गर्ने, दुनाटपरी गाँस्ने, दाउरा संकलन गर्ने, तोरीको तेल पेल्ने, घर लिपपोत तथा आँगन सरसफाइलगायतका काम धमाधम भइरहेको धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका भलमन्सा जगदीश चौधरीले बताए ।

'माघीमा विशेषगरी बंगुरको मासु, माछा, घोंगी, गंगटोलगायत खानाका पकवान खाने चलन रही आएकाले दाजुभाइहरू त्यसको खोजीमा जुटेका छौं,' उनले भने, 'यो पर्वमा नयाँ वर्ष शुभारम्भ हुने भएकाले आफ्ना परिवारका लागि नयाँ-नयाँ लुगाकपडा किनमेल गर्ने र रोजगारीका लागि विदेशिएकाहरू पर्व मनाउनका लागि घर फर्कन थालिसकेका छन् ।'

माघीमा पाहुना धेरै जम्मा हुने भएकाले जाँड, रक्सी, ढिक्री, रोटीलगायत खानाका परिकार तयार गर्नमा समुदायका महिलाहरूलाई भ्याइनभ्याइ छ । थारू समुदायको मुख्य पर्व भएकाले तामझामका साथ मनाउने तयारी भइरहेको कैलालीको गोदावरी नगरपालिका-८ फकलपुरका थारू नागरिक अभियानका सदस्य माधव चौधरीले बताए । उनले भने, 'गाउँबस्तीमा रौनक बढिसकेको छ । केही दिनअघि गाउँमा भलमन्साको बैठक बसेर जिता (बंगुर) मार्ने, कस-कसको जिता मार्ने, गाउँमा नपुगेपछि कहाँबाट ल्याउने भन्ने जिम्मेवारी नै दिइएको छ ।'

चौधरीका अनुसार थारू समुदायको ठूलो चाड भएकाले यसको तयारीका लागि एक महिना अघिदेखि नै अण्डीको रोटी, ढिक्रीका लागि पीठो र सिद्रा जोहो गर्ने, जिता (बंगुर) खोज्नेलगायत काम भइरहेका छन् । थारू जातिको संस्कृति झल्कने मघौटा नाचको तयारी पनि सुरु भएको छ ।

'माघे संक्रान्तिका दिन विशेषगरी थारू समुदायमा बिहानै उठेर नजिकैको नदी तलाउमा गई नुवाईधुवाई गरी आफूभन्दा ठूलाबाट आशीर्वाद लिने गरिन्छ,' चौधरीले भने, 'आशीर्वाद लिइसकेपछि घरमा अलग्गै छुट्याएर राखिएको चामल, नुन, तेल र बेसारलगायत खाद्यान्न छुने र छुट्याइएका ती चिजमा थप परिकार थपेर घरका छोरीबेटीलाई दिने परम्परा रही आएको छ ।' यस पर्वमा थारू समुदायका विभिन्न लोकसंस्कृति झल्किने एकल तथा सामूहिक नाचगान गरी रमाइलो गर्ने गरिन्छ । यस्तै, माघी मनाउन गाउँगाउँमा मेला तथा महोत्सवको आयोजना गर्ने तयारी पनि भइरहेका छन् । *रासस*

# गाउँ-गाउँमै पुगेर क्षयरोगी खोजी गर्दै गण्डकी सरकार

**ढोरपाटन (बागलुङ)–** गण्डकी प्रदेश सरकारले गाउँ-गाउँमै पुगेर क्षयरोगीको खोजी सुरु गरेको छ । गण्डकीका ११ जिल्लामा पुगेर प्रदेश सरकारले छातीको एक्सरेद्वारा क्षयरोगी खोजी सुरु गर्न थालेको हो ।

प्रादेशिक रोग नियन्त्रण केन्द्र गण्डकी प्रदेशबाट चिकित्सकसहितको प्राविधिक टोलीले गण्डकी प्रदेशका जिल्ला-जिल्लामा पुगेर जाँच सुरु गरिसकेको छ । अघिल्लो वर्ष प्रदेशका ११ जिल्लाका विभिन्न क्षयरोगको उच्च जोखिम रहेको पालिकामा पुगेर ३२ हजारभन्दा बढी नागरिकको स्वास्थ्य जाँच गर्दा ४५२ जनामा क्षयरोगको संक्रमण देखिएको थियो । यस वर्ष पनि बागलुङसँगै तनहुँ, गोरखा, लमजुङ, स्याङजा र नवलपुरका विभिन्न स्थानीय तहमा शिविर नै सञ्चालन गरिएको छ ।

शिविरअन्तर्गत शुक्रबार बागलुङको ढोरपाटन नगरपालिका-७, ८ र ९ का नागरिकको बोबाङ स्वास्थ्य चौकीमा स्वास्थ्य जाँच गरिएको छ । शिविरमा ३६५ जनाको जाँच गरिएको प्रादेशिक रोग नियन्त्रण केन्द्र गण्डकी प्रदेशका ल्याव टेक्निसियन तथा 'एक्सरेद्वारा छातिरोगसम्बन्धी खोजपडताल शिविर' कार्यक्रमका फोकल पर्सन राजेन्द्र रानाभाटले जानकारी दिए ।

रानाभाटका अनुसार १२ जनामा क्षयरोगको संक्रमण देखिएको छ । संक्रमितलाई औषधि सेवन गराउन सुरु गरेको रानाभाटले बताए । जाँच गरिएकामध्ये ३२ जनामा संक्रमणको लक्षण देखिएपछि थप जाँचका लागि खकार संकलन गरिएको उनले बताए । बिहीबार गलकोट नगरपालिकामा २२४ जनाको जाँच गर्दा तीन जनामा क्षयरोगको संक्रमण देखिएको छ । ११ जना शंकास्पदको खकार परीक्षणका लागि संकलन गरिएको रानाभाटले जानकारी दिए ।

स्वास्थ्यमन्त्री कृष्ण पाठकले नागरिकको स्वास्थ्य, स्वास्थ्य मन्त्रालय र प्रमुख प्राथमिकता भएको भन्दै नसर्ने रोगको निवारणका लागि गाउँगाउँमै शिविर सञ्चालन गरिएको बताए । स्वास्थ्य मन्त्रालयले अघिल्लो आर्थिक वर्षदेखि नै यस कार्यक्रम सुरु गरेको र यस वर्ष पनि ४० लाख रूपैयाँ बजेट विनियोजन गरेको उनको भनाइ छ ।

स्वास्थ्यमन्त्री पाठकले भने, 'नागरिकलाई स्वस्थ्य राख्नुपर्ने दायित्व सरकारको हो, अघिल्लो वर्षदेखिनै प्रदेश सरकारले क्षरोग न्यूनीकरणका लागि खोजपडताल अभियान चलाएको छ, यस वर्ष पनि उच्च जोखिम रहेको दूरदराजका गाउँमा शिविर चलाएर रोग पत्ता लगाउने काम भइरहेको छ ।' *रासस*


**Talkot Rural Municipality**

**Office of The Rural Municipal Executive**

**Talkot, Bajhang**

**SudurPashchim Province, Nepal**

**Invitation For Electronic Bids for Procurement of work**

**Date of publication:- 11TH Jan 2026**

**Opening Date: 10Th Feb 2026 Last Submission Date: 10thFeb 2026**

Talkot Rural Municipality, Office of Rural Municipal Executive, Talkot Bajhang invites electronic bids on **11th Jan 2026** from Nepalese eligible bidders under National Competitive Bidding (NCB) Procedures for procurement of Works Mentioned below:

| S.N. | Contact No | Project Name | Estimated Amount (Excluding VAT) | Bid security NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-BJH/NCB/ Works-02-2082/083 | Jhuwani Sichai kulo Constructions Ward-5 | 29,86,194 | 75,000 | 3,000 |
| | **Bank** | **Account Name** | **Account Number** | **Office Code** | **Remarks** |
| 1 | Everest Bank Talkot Branch | GA.11 Aantarik Rajashwa Khata | 07900106200004 | 80770505300 | |
| 2 | Everest Bank Talkot Branch | GA 3 Dharauti Khata Number (For bid security) | 07900106200003 | 80770505300 | |

**Chief Administrative Officer**

प्रभाव दैनिक

आइतबार, २७ पुस २०८२ (Sunday, 11 January 2026)


रूपशाला

### विष्णु माझीको 'दुधै फाटेसी' सार्वजनिक

नेपाली लोक गीत सङ्गीतकी सफल गायिका विष्णु माझीको नयाँ गीत 'दुधै फाटेसी' सार्वजनिक भएको छ। राजनराज शिवाकोटीको शब्द, सङ्गीतमा तयार भएको गीतमा विष्णुलाई राजनले नै स्वरमा साथ दिएका छन्। गीतमा श्याम श्वेत रसाइलीको एरेन्ज छ। यो गीत केहि वर्ष अगाडि सार्वजनिक भैसकेको गीतको नयाँ भर्सन हो। गीतको पुरानो भर्सनमा विष्णु माझी र राजु परियारको स्वर रहेको थियो भने बीबी अनुरागीको एरेन्ज रहेको थियो। अब यो गीतलाई राजनराज शिवाकोटीले नयाँ शैलीमा तयार पारेर बजारमा ल्याएका हुन्।



# सन्तानको भविष्यको कथा 'मिरमिरे'



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता दयाहाङ राईले चलचित्र 'मिरमिरे' बुवा र छोरीसँगै सन्तानप्रति अभिभावकले देखेको भविष्यको कथा बोकेको सिनेमा भएको बताएका छन्।

छोरीसँग आफ्नो मुख्य कुरा लुकाएर बुवाले छोरीका अगाडि देखाएको खुसी चलचित्र 'मिरमिरे'ले भन्ने दयाहाङ बताउँछन्। यो इमोसनलाई भित्रैबाट कसरी देखाउन सकिन्छ भन्नेमा आफू सिनेमामा केन्द्रित रहेको उनले बताएका छन्।

झट्ट हेर्दा बाबु र छोरीको कथा देखिए पनि गहिरिएर हेर्दा 'मिरमिरे'मा धेरै कुरा रहेको उनको भनाइ छ।

"झट्ट हेर्दा केही नदेखिने तर एकछिन सोचेर हेर्दा देखिने पक्ष भएकाले यस्तो कथामा काम गर्ने रुचि भएकैले मैले यो चलचित्र छानेको हुँ," दयाहाङ अगाडि थप्छन्, "कतिसम्म दुःखी र खुसी हुनेभन्दा पनि हामी काममा प्यासन छैन भन्छौं। तर, यो प्यासनले हेर्ने चलचित्र हो यो।" 'मिरमिरे' हेरेर एकपछि सोच्ने कथा हो सिनेमा भएको उनको भनाइ छ।

यम शेर्पाको लेखन तथा निर्देशन रहेको चलचित्र 'मिरमिरे' माघ १ गतेबाट प्रदर्शनमा आउँदै छ। यार्सा फिल्मसको प्रस्तुति रहेको चलचित्रमा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन्।

निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङछिरिङ शेर्पा निर्माता रहेको 'मिरमिरे'का सह-निर्मातामा गोविन्द बोहरा, सुदिप कुँवर छन्। यो चलचित्रको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालक समेत रहेका चलचित्र वितरक रोहित कट्टेल रहेका छन्। वीरेन्द्र शाही लाइन प्रोड्युसर रहेको यस चलचित्रमा सुदीप कुँवर मुख्य सहायक निर्देशक, सञ्जु थलाङ लिम्बु मेकअप र दिलीप पन्त निर्माण नियन्त्रक रहेका छन्।

चलचित्र 'मिरमिरे'को देशभर वितरणको जिम्मेवारी रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले लिएको छ।

# 'गोबर गणेश'लाई महानायकदेखि दिग्गज कलाकारको साथ, 'बल्छी'को प्रशंसा

■ प्रभाव संवाददाता

**काठमाडौं–** मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे' को निर्देशन तथा मुख्य अभिनय रहेको चलचित्र 'गोबर गणेश' यतिबेला चर्चाको केन्द्रमा छ। ट्रेलरले युट्युबमा तहल्का मच्चाइरहेकै बेला निर्माण टिमले चलचित्रको प्रचारप्रसारलाई झनै तिव्रता दिएको छ।

विशेष गरी निर्देशक बल्छी धुर्वे यतिबेला नेपाली चलचित्र क्षेत्रका दिग्गज हस्तीहरूलाई भेटेर चलचित्रको बारेमा जानकारी गराउन र आशीर्वाद लिन व्यस्त छन्। यसै क्रममा उनले महानायक राजेश हमाल, वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, निर शाह, चर्चित अभिनेता दीपकराज गिरी र निर्देशक दीपाश्री निरौला लगायतका थुप्रै कलाकारहरूसँग भेटघाट गरेका छन्।

भेटका क्रममा कलाकारहरूले बल्छी धुर्वेको मेहनत र इमानदारिताको मुक्तकण्ठले प्रशंसा गरेका छन्। सानो पर्दा (टेलिभिजन) को एउटा कलाकारका रूपमा सुरु भएको उनको यात्रा आज ठूलो पर्दाको नायक र निर्देशकको तहसम्म पुग्नु सबैका लागि प्रेरणादायी रहेको उनीहरूको भनाइ छ।

वरिष्ठ कलाकारहरूले बल्छीको यो साहस र लगनशीलताले नयाँ पुस्ताका कलाकारहरूलाई पनि मार्गनिर्देश गर्ने भन्दै 'गोबर गणेश' को सफलताका लागि शुभकामना दिएका छन्।



दिग्गज कलाकारहरूबाट पाएको यो साथ र हौसलाले चलचित्रको टिम थप उत्साहित बनेको छ।

एक साता अघि सार्वजनिक भएको 'गोबर गणेश' को ट्रेलर करिब ३० लाख (३ मिलियन) पटक हेरिएको छ। ट्रेलर यतिबेला युट्युबको नम्बर १ ट्रेन्डिङमा छ। सामाजिक कथावस्तुमा आधारित हास्य र भावनाको समिश्रण रहेको यो चलचित्रलाई लिएर दर्शकमा पनि निकै कौतूहलता देखिएको छ।

बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा निर्माण भएको यो चलचित्र आगामी माघ १ गते माघे संक्रान्तिको अवसर पारेर देशभरका सिनेमा हलमा रिलिज हुँदैछ।

यो चलचित्रमा बल्छीसँगै, वर्षा शिवाकोटी, विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत छन्।

तारानाथ न्यौपाने चिफ एडी रहेको चलचित्रमा योगेश काजी शाहको बीजीएम, शंकर पाण्डेको प्रोडक्सन, शिवराम श्रेष्ठको डीओपी र विपीन मल्लको सम्पादन रहनेछ। टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ। नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ।



### नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

# प्रतिभाको प्रेरणामा न्यु डायमण्ड च्याम्पियन, पुलिस फेरि स्तब्ध



■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली नेपाल पुलिसलाई हराउँदै न्यु डायन्डले शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबलको उपाधि जितेको छ। दुईसाता पनि नबित्दै पुलिसलाई लगातार फाइनलमा स्तब्ध पार्दै न्युडायमन्डले उपाधि चुमेको हो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा शनिबार सम्पन्न फाइनलमा न्यु डायन्डले पुलिसलाई ३-१ को सेटमा पराजित गरेको हो।

खेलको पहिलो र दोस्रो सेटमा न्यु डायन्डले २५-२२ र २५-१८ ले जितेको थियो। तेस्रो सेट भने १५-२५ ले गुमायो। उक्त सेट पुलिसले आफ्नो नाममा पारेसँगै खेल चौंथो सेटसम्म धकेलिएको थियो। तर, न्यु डायमन्डले पुनरागमन गर्दै २७-२५ ले जितेसँगै उपाधि हात पार्‍यो। फाइनल खेलको प्लेयर अफ द फाइनल म्याच न्यु डायमण्डकी प्रगतिनाथ घोषित भएकी थिइन्।

न्यु डायमन्डकी प्रतिभा माली प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भएकी थिइन्। उनले ५० हजार रूपैयाँ पुरस्कार पाएकी थिइन्। त्यस्तै प्रतियोगिताको बेस्ट ब्लकर न्यूडायमण्डकी सुमित्रा रेग्मी, बेस्ट कोच न्युडायमण्डका कुमार राई घोषित भएका थिए। त्यस्तै बेस्ट सर्भर पुलिसकी पुनम चन्द घोषित भएकी थिइन् भने बेस्ट स्पाइकर एपीएफ क्लबकी मीना सुनार घोषित भएकी थिइन्। त्यस्तै बेस्ट लिबेरोको पुरस्कार पुलिसकी शान्तिकला तामाङले हात पारेकी थिइन्। उनीहरू सबैले २५ हजारका दरले पुरस्कार पाएका थिए।

जितसँगै न्यूडायमण्डले ५ लाख रूपैयाँ पुरस्कार पायो भने उपविजेता बनेको पुलिसले २ लाख ५० हजार पाएको थियो।

**एपीएफ तेस्रो**

विभागीय डर्बीमा त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै एपीएफ क्लब शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा तेस्रो भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा शनिबार तेस्रो स्थानका लागि भएको खेलमा एपीएफले ३-० को सोझो सेटमा जित निकालेको हो।

एभरेस्ट भलिबलकी क्लबकी ब्लकर मिना सुनारलाई समेत भित्र्याएको एपीएफले आर्मीलाई कुनै सेटमा फर्किने अवसर दिएन। र, खेल२५-१३, २५-२३ र २५-१८ ले आफ्नो बनायो।

तेस्रो भएका एफीएफले १ लाख २५ हजार पुरस्कार पायो भने चौथो भएको त्रिभुवन आर्मीले ६२ हजार ५ सय रूपैयाँ पुरस्कार पाएको थियो।

# चेन्नईको ट्र्याकमा नेपाली राइडर




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) को 'एक्सप्लोर द ट्र्याक' कार्यक्रमअन्तर्गत सन् २०२६ को पहिलो अन्तर्राष्ट्रिय रेसिङ कार्यक्रम भारतको चेन्नईस्थित मद्रास इन्टरनेशनल रेसिङ सर्किटमा सुरु भएको छ।

नेपाल रोड रेसिङ च्याम्पियनशिपका विजेता तथा उत्कृष्ट ११ नेपाली राइडर र दुई अफिसियल सहभागी टोली बिहीबार चेन्नई पुगेको हो।

मद्रास मोटर स्पोर्ट्स क्लबको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा शुक्रबार ओरिन्टेशन, शनिबार अभ्यास र आइतबार फाइनल रेस हुने छ।

कार्यक्रमलाई अन्तर्राष्ट्रिय मोटरसाइकल महासंघ (एफआईएम) र मद्रास मोटर स्पोर्ट्स क्लबको प्राविधिक तथा आर्थिक सहयोग प्राप्त छ।

नेपालमा अन्तर्राष्ट्रिय मापदण्डको रेसिङ ट्र्याकको अभाव रहेका कारण चेन्नईमा भइरहेको यस इभेन्टलाई नासा नेपालले राष्ट्रिय प्रतियोगिताको मान्यता दिएको छ।

# पिएसजीलाई फ्रेन्च सुपर कपको उपाधि

**काठमाडौं–** गत एक वर्ष लिग वान, च्याम्पियन्स लिग, फ्रेन्च कप, युएफा सुपर कप र फिफा इन्टरकन्टिनेन्टल कप जितेको पेरिस सेन्ट-जर्मेन (पीएसजी) ले अर्को उपाधि पनि आफ्नो नाममा लेखाएको छ।

पीएसजीले गएराति फ्रेन्च सुपर कपको फाइनलमा मार्सेईलाई हराएको हो। कुवेतको जाबेर अल-अहमद स्टेडियममा भएको खेलको निर्धारित समय २-२ गोलको बराबरीमा सकिएको थियो। त्यसपछि उपाधि पेनाल्टी सुटआउटमार्फत टुंगिएको थियो।

पेनाल्टी सुटआउटमा मार्सेईले पहिलो दुई प्रहार खेर फाल्दा पीएसजीलाई चार प्रहार मात्र पर्याप्त भयो। पीएसजीका लागि



गोन्कालो रामोस, भिटिन्हा, नुनो मेन्डेस र देजिरे दुयेले गोल गर्दै ४-१ को जित सुनिश्चित गरे।

खेलको नवौं मिनेटमै उस्मान डेम्बेलेले मार्सेईका गोलरक्षकको टाउकोमाथिबाट चिप गोल गर्दै पीएसजीलाई अग्रता दिलाएका थिए। पहिलो हाफमा थप गोल हुन सकेन भने दोस्रो हाफको सुरुआती ३० मिनेट पनि गोलरहित रह्यो।

अन्तिम २२ मिनेटमा भने खेल रोचक बन्यो। ७६औं मिनेटमा मार्सेईले पेनाल्टीमार्फत गोल गर्दै खेलमा फर्किने संकेत दिएको थियो। त्यसपछि विलियन पाचोको आत्मघाती गोलले खेल बराबरीमा पुगेको थियो। तर, खेल सकिन दुई मिनेट बाँकी रहँदा गोन्कालो रामोसले निर्णायक गोल गर्दै खेललाई पेनाल्टी सुटआउटतर्फ धकेले।

यस जितसँगै लुइस एनरिकको प्रशिक्षणमा पीएसजीले आफ्नो १०औं उपाधि जितेको छ। सन् २०२३ जुलाईमा जिम्मेवारी सम्हालेका स्पेनी प्रशिक्षक एनरिकको नेतृत्वमा पीएसजीले दुई-दुई लिग र फ्रेन्च कप जितिसकेको छ। क्लबको बहुप्रतीक्षित च्याम्पियन्स लिग पनि आफ्नो नाममा लेखाएको छ। फ्रेन्च सुपर कप पीएसजीले हालसम्म तीन पटक जितेको छ, जसमा यो लगातार तेस्रो उपाधि हो।



इजिप्टको लक्सरस्थित एउटा गाउँमा टमाटर घाममा सुकाइँदै । *तस्बिरः सिन्हुवा*

# ग्रिनल्याण्डसँग अमेरिकाले 'सजिलो' वा 'कडा' तरिका प्रयोग गर्ने छः राष्ट्रपति ट्रम्प

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वायत्त आर्कटिक टापु ग्रनिल्याण्डमा डेनमार्कको सार्वभौमिकतालाई बेवास्ता गर्दै शुक्रबार फेरि ग्रिनल्याण्ड कब्जा गर्न बल प्रयोग गर्न सुझाव दिएका छन् ।

तेल कम्पनीका कार्यकारीसँग भेनेजुएलामा तेलका लागि लगानी गर्ने विषयमा ह्वाइट हाउसमा आयोजित भेटमा राष्ट्रपति ट्रम्पले भने, 'उनीहरूले यो मन पराउन् वा नपराउन् हामी ग्रीनल्याण्डमा पनि केही गर्नेछौं ।'

ग्रिनल्याण्डबारे सोधिएको प्रश्नमा राष्ट्रपति ट्रम्पले भने, 'म एक सम्झौता गर्न चाहन्छु । यदि हामीले सहज तरिकाले सम्झौता गर्न सकेनौं भने हामी यसलाई कठिन तरिकाले भएपनि गरिछाड्नेछौं ।' राष्ट्रपति ट्रम्पले आर्कटिकमा रुस र चीनको बढ्दो सैन्य गतिविधिलाई मध्यनजर गर्दै खनिजको धनी टापुलाई नियन्त्रण गर्नु अमेरिकी राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण रहेको बताएका छन् ।

उनले भने, 'हामी ग्रीनल्याण्ड रूस वा चीनले कब्जा गरेको देख्न चाहँदैनौं । यदि हामीले त्यसो गरेनौं भने उनीहरूले के गर्न सक्छन्, यो विचार गर्नुपर्ने बिषय हो । त्यसैले हामी ग्रीनल्याण्डलाई सहज वा कठिन तरिका जसरी हुन्छ संरक्षण गर्नुपर्छ ।'

चीन र रूस दुवै देशले हालैका वर्षहरूमा आर्कटिक क्षेत्रमा सैन्य गतिविधि बढाएका छन्, तर दुवैले विशाल हिम टापुमा कुनै दाबी गरेका छैनन् । डेनमार्क र अन्य युरोपेली सहयोगीहरू ट्रम्पको ग्रिनल्याण्डलाई आफ्नो नियन्त्रणमा लिने चेतावनीबाट स्तब्ध भएका छन् । ग्रीनल्याण्डमा संयुक्त राज्य अमेरिकाको पहिलेदेखि नै सैन्य आधार रहेको छ ।

डेनमार्ककी प्रधानमन्त्री मेटे फ्रेडरिक्सनले ग्रीनल्याण्डमाथिको आक्रमणले उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) र दोस्रो विश्वयुद्धपछिको सुरक्षा संरचनाको अन्त्य हुने चेतावनी दिएकी छन् । राष्ट्रपति ट्रम्पले सन् २००३ मा इराकमाथि भएको आक्रमणमा अमेरिकासँग सामेल भएको अमेरिकाको दृढ सहयोगी डेनमार्कको चिन्ताप्रति आश्वासन दिने कोसिस गरेका थिए । ट्रम्पले भने, 'म डेनमार्कको प्रशंसक पनि हुँ, तपाईंलाई थाहा पनि छ, उनीहरू मसँग धेरै सकारात्मक छन् । तर तपाईंलाई थाहा छ, तथ्य यो हो कि ५०० वर्ष पहिले उनीहरूको त्यहाँ डुंगा भूमि थियो यसको मतलब यो होइन कि उनीहरूको जमिनको स्वामित्व छ ।' अमेरिकी विदेशमन्त्री मार्को रुबिओले ग्रीनल्याण्डका विदेशमन्त्री र डेनमार्कका प्रतिनिधिसँग अर्को साता भेटवार्ता गर्ने कार्यक्रम छ । *रासस/एएफपी*




## 'हामी अमेरिकी बन्न चाहँदैनौं'

**नूक, ग्रीनल्याण्ड–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खनिज पदार्थका लागि धनी डेनिस स्वायत्त क्षेत्र ग्रीनल्याण्ड कब्जा गर्न बल प्रयोग गर्न सुझाव दिएपछि ग्रीनल्याण्डका राजनीतिक दलहरूले यसको विरोध गरेका छन् । ग्रीनल्याण्डमा सक्रिय दलहरूले संयुक्त विज्ञप्ति जारी गर्दै भनेका छन्, 'हामी अमेरिकी हुन चाहँदैनौं ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डका सम्बन्धमा वासिङ्टनले रुचाए पनि नरुचाए पनि केही गर्न लागेको दोहोऱ्याएपछि शुक्रबार राति उक्त वक्तव्य आएको हो । ग्रिनल्याण्डको संसद्का पाँच दलका नेताले भने, 'हामी अमेरिकी हुन चाहँदैनौं नत डेनिस नै । हामी ग्रीनल्याण्डवासीका रूपमा पहिचान बनाउन चाहन्छौं ।'

उनीहरूले भनेका छन्, 'ग्रिनल्याण्डको भविष्यबारे ग्रिनल्याण्डवासीले निर्णय गर्नैपर्छ ।' डेनमार्क र अन्य युरोपेली सहयोगीहरू संयुक्त राज्य अमेरिकाको पहिलेदेखि नै सैन्य आधार रहेको ग्रीनल्याण्डलाई आफ्नो नियन्त्रणमा लिने घोषणाले स्तब्ध भएका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबिओले ग्रिनल्याण्डका विदेशमन्त्री र डेनमार्कका प्रतिनिधिसँग अर्को साता भेटवार्ता गर्ने कार्यक्रम छ । *रासस/एएफपी*

# भेनेजुएलाद्वारा कूटनीतिक सम्बन्ध पुनर्स्थापनाका लागि अमेरिकासँग वार्ता गर्ने घोषणा

**काराकस–** भेनेजुएलाले शुक्रबार अमेरिकासँग कूटनीतिक सम्बन्ध पुनर्स्थापनाका लागि वार्ता सुरु गरेको जनाएको छ । भेनेजुएलामा अमेरिकी आक्रमणपछि वामपन्थी नेता निकोलस मदुरोलाई पक्राउ गरी अमेरिकी कानुन प्रवर्तकहरूले उनीविरूद्ध लगाएका मुद्दामाथि सुनुवाइ भइरहेका समय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अमेरिकी देशको प्रभारी भएको दाबीपछि यो सहकार्यको पछिल्लो संकेत हो ।



अधिकारीहरूका अनुसार अमेरिकी कूटनीतिज्ञहरू देशको दूतावास पुनः खोल्ने बारेमा छलफल गर्न काराकासमा पुगेका छन् भने वासिङ्टनमा राष्ट्रपति ट्रम्पले भेनेजुएलाको विशाल कच्चा भण्डारमा पहुँच प्राप्त गर्ने योजनालाई लिएर तेल कम्पनीहरूसँग भेट गरेका छन् ।

'अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजको सरकारले संयुक्त राज्य अमेरिकाको सरकारसँग एक अन्वेषणात्मक कूटनीतिक प्रक्रिया सुरु गर्ने निर्णय गरेको छ, जसको उद्देश्य दुवै देशमा कूटनीतिक नियोग पुनर्स्थापना गर्नु हो,' विदेशमन्त्री यभान गिलले एक विज्ञप्तिमा भनेका छन् ।

'छिमेकी मुलुक कोलम्बियाका लागि शीर्ष अमेरिकी कूटनीतिज्ञ जोन म्याकनामारा र अन्य कर्मचारीहरू सम्भावित चरणबद्ध वार्ता सञ्चालनका लागि प्रारम्भिक मूल्यांकन गर्न काराकास गएका थिए,' नाम उल्लेख नगर्ने सर्तमा एक अमेरिकी अधिकारीले बताए ।

भेनेजुएलाले पनि वासिङ्टनमा एक प्रतिनिधिमण्डल पठाएर त्यसको जवाफ दिने बताएको छ । रोड्रिगेजले एक वक्तव्यमा संयुक्त राज्य अमेरिकाको 'गम्भीर, आपराधिक, अवैध र गैरकानुनी हमला' को निन्दा गरिन् । साथै, उनले वाचा गरिन्, 'भेनेजुएलाले कूटनीतिक मार्गबाट यस आक्रमणबारे समीक्षा जारी राख्ने छ ।'

## ट्रम्पको प्रतिबद्धता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलामा कैदीहरूको रिहाइका कारण दोस्रो चरणको आक्रमण फिर्ता लिएको बताएका छन् । शुक्रबार ह्वाइट हाउसको बैठकमा राष्ट्रपति ट्रम्पले शीर्ष तेल कार्यकारीहरूलाई भेनेजुएलाको भण्डारमा लगानी गर्न दबाब दिएका छन् तर एक्सोनमोबिलका प्रमुख कार्यकारी ड्यारेन वुड्सले व्यापक सुधार नगरी भेनेजुएलामा 'लगानी गर्न' उचित नहुने बताएका छन् ।

प्रतिक्रियामा राष्ट्रपति ट्रम्पले मदुरोको कार्यकालमा विदेशी कम्पनीहरूले कुनै अर्थपूर्ण सुरक्षा पाएको नदेखिएको तर अहिले पूर्णसुरक्षा भएको बताए । उनले भने, 'अहिले यो पूर्णरूपमा फरक भेनेजुएला हो ।'

वुड्सले भेनेजुएलाको तेल स्रोतका लागि काम गर्दा कम्पनीहरूले काराकाससँग नभई वासिङ्टनसँग मात्र सम्झौता गर्ने कुरामा जोड दिए । ट्रम्पले भेनेजुएलामा तेल कम्पनीहरूले १०० अर्ब डलर लगानी गर्ने वाचा गरेको बताएका थिए, भेनेजुएलाको तेल पूर्वाधार वर्षौंको अव्यवस्था र प्रतिबन्धका कारण अस्तव्यस्त अवस्थामा छ ।

उनले यसअघि अमेरिकाले भेनेजुएलाको तीन करोडदेखि पाँच करोड ब्यारेल कच्चा तेल बेच्ने योजना घोषणा गरेका थिए । उनले काराकासमा पठाइएको कुनै पनि रकम अमेरिकामा निर्मित उत्पादनहरू मात्र खरिद गर्न प्रयोग गरिने प्रतिबद्धता व्यक्त गरे ।

यसैबीच, वासिङ्टनले क्यारिबियन राष्ट्रमा तेल ट्यांकरमाथि सामुद्रिक दबाब कायम राखेको छ, जहाँ उसले भेनेजुएलाको कच्चा तेल बोकेको पाँचौं ट्यांकर नियन्त्रणमा लिएको छ । राज्यको स्वामित्वमा रहेको तेल कम्पनी पिडिभिएसएले एक विज्ञप्तिमा एउटा जहाज भेनेजुएलाको जलक्षेत्रमा फर्किरहेको पुष्टि गरेको छ र यसलाई वासिङ्टनसँगको 'पहिलो सफल संयुक्त अपरेसन' को रूपमा वर्णन गरेको छ ।

## कैदीहरूको रिहाइ

भेनेजुएलाको प्रशासनले राजनीतिक बन्दीहरूलाई रिहा गर्न थालेपछि चिन्तित आफन्तहरू आफ्ना प्रियजनहरूलाई भेट्न भेनेजुएलाको जेलबाहिर पर्खिरहेका थिए । मदुरोको आलोचना गरेको आरोपमा जेल परेका आफ्ना पति नोएल फ्लोरेसको रिहाइको पर्खाइमा बसेकी ५० वर्षीया डिल्सिया कारोले भनिन्, 'जब मैले कैदी रिहा हुने कुरा सुनें, मैले हर्षका आँसु बगाएँ ।'

भेनेजुएलाले जनवरी ३ मा घातक कारबाहीमा मदुरोलाई हटाएर हिरासतमा लिएपछि पहिलोपटक बिहीबार कैदीहरूलाई रिहा गर्न सुरु गरेको थियो । ट्रम्पले फक्स न्युजसँग आफूले अर्को हप्ता भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोसँग भेट गर्ने बताएका छन् ।

भेनेजुएलाका निर्वासित विपक्षी नेता एडमण्डो गोञ्जालेज उरुटियाले देशमा कुनै पनि लोकतान्त्रिक संक्रमणले सन् २०२४ को राष्ट्रपति चुनावमा आफ्नो विजयको दाबीलाई मान्यता दिनुपर्ने बताएका थिए । मदुरोलाई मतदानको विजेता घोषित गरिएको थियो, तर उनको पुनः निर्वाचनलाई विपक्षी समूहले धाँधलीमार्फत् सत्तामा पुरागमन गरेको भनी अमेरिकालगायतका मदुरोका आलोचकहरूले व्यापक आलोचना गरेका थिए । गोञ्जालेजले शुक्रबार एक वर्ष पहिले काराकासमा हिरासतमा राखिएका आफ्ना ज्वाइँको रिहाइको आशा गरिरहेका थिए ।

## काराकासमा विरोध प्रदर्शन

काराकासका अनुसार मदुरोलाई अमेरिकी विशेष बलको कारबाहीमा पक्राउ गरिएको थियो जसमा १०० जनाको मृत्यु भएको थियो । अमेरिकी सेनाले मदुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई लागुऔषध ओसारपसार र अन्य आरोपको सामना गर्न न्युयोर्क लगेको थियो ।

रोड्रिगेजले ट्रम्पसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे पनि बिहीबार आफ्नो देश 'अधीनस्थ वा प्रतिस्थापित' नभएको बताएका थिए । मदुरोको रिहाइको माग गर्दै आक्रोशित प्रदर्शनकारीले शुक्रबार काराकासका सडकमा प्रदर्शन गरेका थिए ।

'ट्रम्पले हामीमाथि जे गरेका छन् यसबाट पनि जान्नुपर्छ कि हामीले अमेरिकालाई तेलको एक थोपा पनि दिनुहुँदैन,' एक प्रदर्शनकारी ७० वर्षीया जोसेफिना क्यास्ट्रोले भनिन्, 'हाम्रा भेनेजुएलाका भाइहरू आक्रमणमा मरे, हाम्रा राष्ट्रपतिलाई कब्जा गरी अमेरिकामा लगिएको र अनाहकमा विभिन्न मुद्दा लगाइएको छ । यसबाट देशलाई चोट पुगेको छ । हामीले झुक्नुहुँदैन ।' *रासस/एएफपी*

# जापानकी प्रधानमन्त्री मध्यावधि निर्वाचन गर्ने तयारीमा

**टोकियो–** जापानकी प्रधानमन्त्री साने ताकाइचीले जापान सरकारप्रति जनसमर्थन बढाउन आगामी साताहरूमा आमनिर्वाचन गराउने विचार गरिरहेको शनिबार केही जापानी सञ्चारमाध्यमले आफ्नो समाचारमा जनाएका छन् ।

गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएकी ताकाइचीको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशत अनुमोदन प्राप्त गरेको छ । उनको सत्तारूढ समूहसँग संसद्को शक्तिशाली तल्लो सदनमा झिनो बहुमत मात्र छ, जसले उनको महत्त्वाकांक्षी नीति र एजेण्डालाई अगाडि बढाउने क्षमतामा बाधा पुऱ्याएको छ ।



योमिउरी र माइनिची दैनिक पत्रिकाले नाम नखुलाइएका सरकारी स्रोतलाई उद्धृत गर्दै लेखेका छन्, 'उहाँले जनवरी २३ मा संसद्को सत्रको सुरुमा तल्लो सदन विघटन गर्ने विचार गरिरहनुभएको छ ।'

यसको अर्थ निर्वाचन फेब्रुअरीको सुरूदेखि मध्यसम्म हुने सम्भावना रहेको योमिउरीले जनाएको छ । 'ताकाइचीको प्रशासनका केही व्यक्तिहरूले 'आफ्नो जग बलियो बनाउनका लागि समर्थन दर उच्च रहेको बेला संसद् चाँडै विघटन गर्न अघि बढ्नु पर्छ' भन्ने धारणा राख्छन्,' माइनिचीले लेखेको छ ।

ताकाइची सुरुमा अल्पमतको सरकारको प्रमुखको रूपमा जापानको पाँचौ प्रधानमन्त्री बनेकी थिइन् । उनको लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) र यसको गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसदहरू एलडिपीमा सामेल भएपछि आफ्नो तल्लो सदनको बहुमत पुनः प्राप्त गरेका छन् । माथिल्लो सदनमा सत्तारूढ समूह अल्पमतमा छ ।

'प्रधानमन्त्री ताकाइचीलाई भारी बहुमतले आफूलाई अधिक 'सक्रिय' वित्तीय खर्च र बलियो खुफिया क्षमताको एजेण्डा कार्यान्वयन गर्न मद्दत गर्ने छ,' योमिउरीले लेखेको छ । पत्रिकाका अनुसार यसले ताकाइचीलाई चीनसँगको विवादमा गतिरोध तोड्न पनि मद्दत गर्न सक्छ ।

ताकाइचीले नोभेम्बरमा चीनले ताइवानमा आक्रमण गरेमा जापानले सैन्य हस्तक्षेप गर्न सक्ने सुझाव दिएपछि सम्बन्ध बिग्रिएको छ । बेइजिङले सम्भावित सैन्य क्षेत्रमा प्रयोग हुने र 'दोहोरो प्रयोग' हुने सामानहरूको जापानमा निर्यातमा व्यापक प्रतिबन्ध लगाउने घोषणा गरेको छ र कथित रूपमा इलेक्ट्रिक कारदेखि मिसाइलसम्म सबै चीजहरू बनाउनका लागि महत्त्वपूर्ण दुर्लभ खनिज उत्पादनहरूको निर्यातलाई रोकिरहेको छ । गत महिना ताकाइचीले समस्या फुकाउनका लागि आफू चीनसँग वार्ताका लागि 'सधैं खुला' रहेको बताएकी थिइन् । *रासस/एएफपी*

# इयू र भारत व्यापार सम्झौताको नजिक

**ब्रसेल्स, बेल्जियम–** युरोपेली संघ (इयू) र भारतका व्यापार वार्ता प्रमुखहरूले उनीहरू व्यापार सम्झौताको नजिक पुगेको शुक्रबार वार्तापछि बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व व्यवस्थालाई हल्लाएका कारण ब्रसेल्सले नयाँ दिल्लीसँग सम्झौता गर्न दबाब दिइरहेको छ ।



इयूका व्यापार आयुक्त मारोस सेफकोभिकले ब्रसेल्समा भारतीय समकक्षी पीयूष गोयलसँग भएको दुई दिने गहन वार्तापछि दुई पक्ष नजिक आइरहेको बताएका छन् । सेफकोभिकले सामाजिक सञ्जाल एक्समा शुक्रबार गरेको पोस्टमा भनेका छन्, 'हाम्रो साझा लक्ष्यः सम्बन्धलाई बढावा दिन सन्तुलित, पारस्परिक लाभदायी व्यापार र लगानी सम्झौता गर्नु हो ।'

उनले थपे, 'अपेक्षित प्रगति भएको छ । खुला मुद्दाहरू साँघुरो हुँदै गएका छन् । आगामी दिनहरूमा पूर्ण कदम अगाडि बढ्छ ।' गोयलले उत्साहित समीक्षा भएको बताए । उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'हामीले राम्रो प्रगति गरेका छौं र हाम्रा वार्ता टोलीहरूलाई रणनीतिक मार्गदर्शन प्रदान गरेका छौं र निष्पक्ष, सन्तुलित र महत्त्वाकांक्षी सम्झौता गर्ने हाम्रो बलियो राजनीतिक संकल्पलाई दोहोऱ्याएका छौं ।'

विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र भारत र २७ राष्ट्रहरूको समूह (इयू) का नेताहरूले जनवरीको अन्त्यमा शिखर सम्मेलन गर्ने अपेक्षा गरिएको छ र दुवै पक्षले त्यस कार्यक्रमका लागि वार्ता समाप्त गर्न जोड दिइरहेका छन् । इयूले शुक्रबार ब्रसेल्सले समर्थन गरेको दक्षिण अमेरिकी स्वतन्त्र व्यापार समूह मर्कोसुरसँग ठूलो व्यापार सम्झौताको चर्चा भइरहेका समय शुक्रबार लामो समयदेखि स्थगित भारतसँगको वार्ता भएको हो । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २६७८०० | प्रति तोला - ० | प्रति तोला - ४७८० |



**पोखरामा प्याराग्लाइडिङ** | पोखरा महानगरपालिका–१८ तोरीपानीबाट आकाशमा उड्दै गरेका प्याराग्लाइडिङ । पोखराको सुन्दरतालाई अवलोकन गर्न तथा साहसिक खेलमा रमाउने पर्यटकका लागि पोखराको प्याराग्लाइडिङले आकर्षण थपेको छ ।

*तस्बिर : राधिका कँडेल/रासस*

## ‘रेशमखेतीको बिस्तारबाट अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ’

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** कृषि तथा पशुपन्छीमन्त्री डा. मदनप्रसाद परियारले रेशम उद्योगले ग्रामीण आयआर्जन तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान दिने बताएका छन् ।

ह्याण्डलुम फ्याब्रिक्स मेकर्स अफ नेपाल र रेशम विकास केन्द्रको संयुक्त आयोजनामा शनिबार आयोजित राष्ट्रिय रेशम सम्मेलनमा उनले सीप तथा उद्यम विकासमा युवाको संलग्नता, आयत प्रतिस्थापन, निर्यात प्रवर्द्धन एवं जलवायु अनुकूलित हरित अर्थतन्त्रको प्रवर्द्धनमा पनि रेशमखेतीले योगदान दिनेमा विश्वास व्यक्त गरे । उनले रेशमखेतीले औद्यागिक विकास र विस्तार गर्दै आर्थिक समृद्धिमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्न सक्ने प्रचुर सम्भावना रहेको बताए ।

मन्त्री परियारले भने, ‘रेशम उद्योगको भविष्य तीन तहकै सरकारबीच स्पष्ट भूमिका बाँडफाँट, निजी क्षेत्रसँगको विश्वसनीय साझेदारी, रेशम विकास केन्द्रलगायतका सरोकारवाला संस्थाको सवलीकरण, भरपर्दो समन्वय र सहकार्यमा निर्भर छ ।’ त्यस अवसरमा पूर्वमन्त्री आनन्दप्रसाद पोखेलले हावापानीका हिसाबले नेपाल कृषि संग्रहालयका रूपमा रहेको उल्लेख गर्दै यहाँका उत्पादनलाई पर्यटनसँग जोडेर लैजानु पर्ने धारणा राखे । उनले नेपालको पहिचान बोकेका स्थानीय उत्पादन तथा किम्बु र टिम्मुरजस्ता आय-आर्जनको सम्भावना बोकेका वस्तु प्रवर्द्धनमा सरकारको ध्यान जान जरुरी रहेको बताए ।

ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष रोशनकुमार पोखरेलले रेशम कुनै साधारण रेशा मात्र नभई इतिहास, संस्कृति, जीविकोपार्जन र भविष्यको सम्भावना भएको बताए । उनले ‘रेशमले हजारौ वर्षदेखि किसानलाई रोजगारी, सीप र सम्मान, समुदायलाई पहिचान तथा राष्ट्रलाई सौन्दर्य र व्यापार दिएको छ । यो किसानको विषय मात्र नभई सरकार, नीति निर्मातालगायत सरोकारको विषय हो ।’ कृषि विभागका उपनिर्देशक राजेन्द्र कोइरालाले २५ वर्षअघिसम्म नेपालमा रेशमखेती राम्रो अवस्था रहेको उल्लेख गर्दै त्यसपछि क्रमशः न्यून हुँदै गएको बताए । उनले यसलाई पुनर्जिवित तुल्याउन एक पटक सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

सिल्क एशोसिएन नेपालका अध्यक्ष शंकर पाण्डेयले रेशमको माग विश्वबजारमा बढिरहेकाले नेपालमा यसको उत्पादनमा सरकारलाई विशेष चासो लिन सुझाव दिए । गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीले रेशमले विश्वबजारको ठूलो हिस्सा ओगटेको उल्लेख गर्दै छिमेकी मुलुक भारत र चीनले यस क्षेत्रमा गरेको प्रगतिको नेपालले अनुशरण गर्न आवश्यक रहेको बताए । रेमश उद्योगलाई रणनीतिक, उच्च मूल्य अभिवृद्धि हुने र दिगो राष्ट्रिय उद्योगका रूपमा पुनःस्थापित गर्न सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, गैरआवासीय नेपाली, विकास साझेदार, कृषक, सहकारी, उद्यमी तथा निर्यातकर्तालाई एकै ठाँउमा ल्याएर बहस गर्न सम्मेलन आयोजना गरिएको हो ।

सम्मेलनमा ‘नेपालमा दिगो रेशमखेतीको आधार स्थापना, नेपालको मूल्य अभिवृद्धि रेशम उत्पादन पारिस्थिति प्रणालीको निर्माण र नेपाल रेशम भिजन २०२६-२०३५ को लागि सक्षम रेशम पारिस्थितिक प्रणालीको निर्माण सम्बन्धमा छलफलको कार्यक्रम छ ।

करिब २२ हजार हेक्टर क्षेत्रमा किम्बु (मुलबेरी) खेती, रेमश किरापालन, धागो उत्पादन, बुनाइ र वस्त्र निर्माणलाई एकीकृत रूपमा विकास गर्न सके वार्षिक रु पाँच खर्ब बराबरको आर्थिक मूल्य सिर्जना गर्न सकिने सम्भावना रहेको ह्याण्डलुम फ्याब्रिक्सले जनाएको छ । एकीकृत मूल्य शृंखलाको अभाव, नीतिगत प्राथमिकताको कमी, वित्तीय पहुँच र बिमाको अभाव, प्रविधि तथा सीपको कमी, बजार तथा निर्यात संयन्त्रको अभावलगायत कारण रेशम उद्योग संकटमा पर्दै गरेको आयोजनको भनाइ छ । सम्मेलनमा नेपालको रेशम विकासको १० वर्षे ढाँचा (२०२६-२०३५) को अवलम्बन, ‘क्लस्टर’मा आधारित किम्बुखेती र रेशम किरापालन, विशेष वित्तीय, व्यापारिक तथा बिमा संयन्त्र, प्रविधि हस्तान्तरण र सीप विकास, एकीकृत ‘नेपाल सिल्क ब्राण्डिङ’ र बजार पहुँचलगायत विषयमा छलफल हुने छ ।

## कफी उत्पादक किसानलाई ‘व्यावसायिक कफीखेती प्रविधि तालिम’

**धुलिखेल–** काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिकाका कफीखेती गर्दै आएका किसानहरूलाई ‘व्यावसायिक कफीखेती प्रविधि तालिम’ प्रदान गरिएको छ । व्यावसायिक रूपमा ४०० देखि ५०० बढी विरुवा रोपेका किसानहरूका लागि पालिकाले सो तालिम प्रदान गरेको हो ।

गाउँपालिकाभित्रमा खेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउँदै आएका किसानहरूलाई दक्ष बनाउने उद्देश्यले प्रविधिसम्बन्धी तालिमको आयोजना गरेको महाभारत गाउँपालिका कृषि प्राविधिक खिमबहादुर डाँगीले बताए । पालिकाका सबै वडाहरूबाट ४५ जना किसानलाई छनोट गरेर तालिम दिएको हो । सो क्रममा कफीको बिरुवा रोप्ने तरिकादेखि बिरुवा रेखदेख, फल टिप्ने विधि, सुकाउने र बजारीकरणलगायतका विषयमा प्रशिक्षण दिएको पालिकाले जनाएको छ ।

वडा नं ५ का वडाध्यक्ष विजय राना मगरले कफीखेतीलाई व्यावसायिक रूपमा अगाडि बढाएपछि किसानहरूको आर्थिक उपार्जनसँगै दैनिकीमा समेत परिवर्तन हुँदै गएको बताए । वडाध्यक्ष मगरले धान, मकै र कोदोखेतीबाट माथि उठेर अझै कफीलाई व्यावसायिक रूपमा खेती गरेको खण्डमा जीवनस्तर उठ्न सकिने भएकाले अहिले प्रदान गरेको प्रविधिसम्बन्धी तालिमले थप टेवा पुग्ने विश्वास व्यक्त गरे । पालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद खनालले भौतिक पूर्वाधारको विकाससँगै आधारभूत वर्गको जीवनस्तर उकास्ने ध्येय राखेर कफीखेती प्रविधि तालिम प्रदान गरेको बताए ।

गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले कृषिबाट यहाँका नागरिकको जीवनस्तर उकास्नका लागि माटो परीक्षण गर्ने अभियान चलाउँदा सबैले के हुन्छ भनेर प्रश्न गरेको स्मरण गरे । उनले अहिले आएर कफीखेतीलाई व्यवसायीकरण गर्न थालेपछि त्यसको उत्तर कामबाट दिन सफल भएको बताए । *रासस*

## आठ वर्षमा पनि औद्योगिक क्षेत्र निर्माण अघि बढेन

**गण्डकी–** घोषणा भएको आठ वर्ष बितिसक्दा पनि गण्डकी प्रदेशका दुई औद्योगिक क्षेत्र निर्माण अगाडि बढ्न सकेको छैन । कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने भनिएका औद्योगिक क्षेत्रका लागि प्रदेश सरकारले अझै जग्गाको भोगाधिकार पाएको छैन । दुवै प्रदेश गौरवका आयोजना हुन् । जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले बताए ।

‘पुँडीटारमा अहिले कटान गर्नुपर्ने रुखको गणना र टाँचा लगाउने काम भइरहेको छ, लोकाहाखोलामा रुखको गणना भइसकेर प्रतिवेदन वन तथा भू-संरक्षण विभागमा पुगेको छ’, उनले भने, ‘संघको वन तथा वातावरण मन्त्रालयले प्रस्ताव लगेपछि बल्ल संघीय मन्त्रिपरिषद्ले प्रदेश सरकारलाई जग्गाको भोगाधिकार दिने निर्णय गर्छ ।’ प्रदेश सरकारलाई जग्गाको भोगाधिकार आएपछि औद्यागिक क्षेत्रमा संरचना निर्माणको काम अगाडि बढ्ने मन्त्री बस्यालले बताए ।

‘जग्गा प्राप्तिमै धेरै समय लाग्यो, संघ सरकारले जग्गाको भोगाधिकारको अनुमति जति छिटो दिन्छ, त्यहीअनुसार औद्योगिक क्षेत्र निर्माणले गति लिन्छ’, मन्त्री बस्यालले भने, ‘प्रदेश सरकारकातर्फबाट पनि यस विषयमा संघ सरकारसँग पटकपटक छलफल भएको छ, ध्यानाकर्षण गराइएको छ ।’ उनले औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको एकिन र नापजाँच गर्ने काम भइसकेको बताए ।

दुवै औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) पनि स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना गरिएको बताए ।

‘औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नुपर्ने रुखको गणनासहित क्षेत्रफल यकीन गरेर संघको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदैछौँ’, उनले भने, ‘वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि संघीय मन्त्रिपरिषद्बाट प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।’ प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ ।

लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले ‘इआइए’को प्रक्रिया पूरा गर्न धेरै समय लागेको महाशाखा प्रमुख ढकालले बताए । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै संघको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । वन तथा वातावरण मन्त्रालयको सहमतिपछि संघीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने जनाइएको छ ।

प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) समेत तयार पारिसकेको छ । जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा ४५ सय रोपनी र लोकाहाखोलामा एक सय ४१ विगाहामा औद्यागिक क्षेत्र निर्माण हुनेछ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भूभागलाई समेट्छ । लोकाहाखोला औद्यागिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो ।

पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर ‘डिपिआर’ बनाइएको मन्त्रालयले जनाएको छ । औद्योगिक क्षेत्र निर्माणको कामलाई प्रदेश सरकारले शीघ्र अगाडि बढाउनुपर्ने निजी क्षेत्रको माग छ । लेखनाथ उद्योग वाणिज्य संघले केही साताअघि प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र उद्योग तथा पर्यटनमन्त्री बस्याललाई सो सम्बन्धमा ध्यानाकर्षण गराएको थियो । संघका अध्यक्ष जानुका पराजुली अधिकारीले जग्गाको भोगाधिकार लिन प्रदेश सरकारले ठोस पहल गर्नुपर्ने बताए ।

‘निजी क्षेत्रका तर्फबाट हामी पनि संघ सरकारसँग मागपत्र बुझाउने तयारीमा छौं, यतिका वर्षसम्म औद्योगिक क्षेत्रको निर्माण चर्चामा मात्र सीमित रहनु दुःखद् हो’, उनले भने, ‘औद्योगिक क्षेत्र निर्माणको घोषणाले उत्साहित बनेका उद्योगी र लगानीकर्ता पनि निराश हुनुपर्ने अवस्था सिर्जना भएको छ ।’ आफैँ जग्गा खरिद गरेर उद्योग, व्यवसाय सञ्चालन गर्न कठिन रहेको स्थितिमा औद्योगिक क्षेत्र निर्माण हुँदा लगानीकर्तालाई ठूलो लाभ मिल्ने अध्यक्ष अधिकारीको भनाइ छ । *रासस*

## माघे संक्रान्तिसँगै तरूल र सखरखण्डको व्यापार राम्रो

■ **दामोदर खनाल**



**बुटवल–** रूपन्देहीको बुटवल ,भैरहवालगायतका तरकारी हाट बजारमा बिगतको तुलनामा तरकारी फलफुलको भाउ खासै घटेको छैन । तर पनि माघेसंक्रान्ति नजिकिएसँगै यहाँका हाट बजारहरूमा तरूल र सखरखण्डको व्यापार भने राम्रो छ ।

माघेसंक्रान्ति नजिकिले रूपन्देहीका हाट बजारमा तरूल र सखरखण्डको माग बढेकोले व्यापार राम्रो भएको हो । माघे संक्रान्तिका अवसरमा तरूल सखरखण्ड, चाकु खाने प्रचलनले गर्दा यश क्षेत्रका हाट बजारहरूमा तरूल र सखरखण्डको माग बढेको हो । माघीका कारण बजारमा विभिन्न ठाउँबाट बन र घर तरूल भित्रिएको छ । बुटवल, मणिग्राम, भैरहवाका तरकारी थोक बजारमा समेत भारतबाट प्रसस्त मात्रामा सखरखण्ड भित्रिएको छ ।

बुटवलको हाटबजारमा पहाडी जिल्ला पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीलगायत जिल्लाबाट बन तथा घर तरूल र सखरखण्ड बिक्रीका लागि भित्रिएको छ । शनिबार बुटवल हाट बजारमा तरूल र सखरखण्ड लिनेहरूको पनि भिडभाड थियो । व्यापारीहरू पनि माघे संक्रान्तिले गर्दा तरूल र सखरखण्डको व्यापार अन्य तरकारी फलफुलको तुलनामा राम्रो भएको वताउँछन् । विगत १८ बर्षदेखि पाल्पा सत्यवतिबाट बुटवल हाट बजारमा तरकारी वेच्दै आएकी बिमला सारू चिसोमा खासै व्यापार नभएपनि सिजनको फल तरूलको बिक्रि राम्रो होला भन्ने आशा लागेको बताइन् । यसैगरी लामो समयदेखि बुटवल हाट बजारमा तरकारीको कारोबार गर्दै आएका योग सुनारले पनि तरूल र सखरखण्डको व्यापार केही राम्रो भएको वताए । बजारमा तरूलको प्रतिकिलो मूल्य गुणस्तर अनुसार १ सय ५० देखि ३०० सम्म छ भनी सखरखण्डको मूल्य प्रति केजि ८० रूपैयाँदेखि १५० रूपैयाँसम्म रहेको छ ।

जाडोका कारण अन्य तरकारी फलफुलको व्यापार कम भएको व्यापारी ईन्द्र नेपालीले जानकारी दिदै भने यो बजारमा तरूल र सखरखण्डको व्यापार अलि राम्रो छ । बुटवलको हाटबजारमा आलु, काउली, बन्दा, गाजर, टमाटर, मुला, सिमीलगायतका तरकारीको भाउ चिसो बढेपनि बिगतका बर्षको तुलनामा भाउ घटेको छैन । बजारमा एउटै बस्तुको मुल्यमा पनि एकरूपता नभएको उपभोक्ताको गुनासो छ । तरकारीको भाउमा मनपरि भएपनि अनुगमन भएको पाईदैन । बजार अनुगमन गर्ने निकाय क्रियाशील नहुँदा उपभोक्ता मुल्यमा निकै ठगिएका छन् । तरकारी बजारमा सरोकारवाला निकायको ध्यान जान नसक्दा किसानले आफ्ना कृषि उपजको खासै मुल्य पाउन पनि सकेका छैनन् । जसका कारण थोक बजारको भन्दा खुद्रा बजारमा तरकारी फलफुलको मुल्य निकै बढी छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ